# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बीरेन्द्रनगर नगरपालिका
## सुर्खेत




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बीरेन्द्रनगर नगरपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## बीरेन्द्रनगर नगरपालिका

## सुर्खेत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय** कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. ९९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,

बिरेन्द्रनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।

## कैफियत सहितको राय

हामीले बिरेन्द्रनगर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १५ करोड ५६ लाख ५३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५ करोड ४९ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८८ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु ६ करोड ६ लाख ६८ हजार र पेश्की रू. ३ करोड ११ लाख ३९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५३ करोड ५७ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ५५ करोड १३ लाख १८ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(

नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९३ | १३७ | १५५६५ | ० | ० | ० | ९३ | १३७ | १५५६५ | ५४९४७ | ६०६६८ | ८८९७ | ० | ० | ६९५६६ | ३११३९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| विरेन्द्रनगर नगरपालिका सुर्खेत | ५३५७५५ | ०० | ० | ५३५७५५ | ०० | १५५६५३ | ५५१३१८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बीरेन्द्रनगर नगरपालिका, सुर्खेत , बिरेन्द्रनगर नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि प्रसाद देवकोटा | २०७८-९-३० | २०७८-१०-२५ |
| कार्यालय प्रमुख | नर हरी तिवारी | २०७८-१०-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरि बहादुर क्षेत्री | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १५५,६५३,७४०.५४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४४,२७,७०,७४३.१७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १,१९,२५,००,६९५ | **चालु खर्च** | ८४,८४,६४,०९१.८५ |
| **प्रदेश सरकारबाट अनुदान** | २३,००,७३,८६१ | **पूँजीगत खर्च** | ४२,०३,७४,३७१.०२ |
| **राजश्व बाँडफाँट** | १८,०६,२०,४३३.७ | **वित्तीय/अन्य व्यवस्था** | ५३,३८,००,२७७.०८ |
| **आन्तरिक आय** | १०,८८,२८,३२१.५५ | | |
| **अन्य आय** | १५,९३,७५,९३६.६८ | | |
| **कुल आय** | १,८७,१३,९९,२४७.९३ | **कुल खर्च** | १,८०,२६,३८,७३९.९५ |
| **बाँकी मौज्दात** | | ५१,१५,३१,२५१.१५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बीरेन्द्रनगर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बीरेन्द्रनगर नगरपालिका उद्देश्य रहेको छ । यस बीरेन्द्रनगर नगरपालिका अन्तर्गत १६ वडा, ८२ सभा सदस्य, २४५.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा १ लाख ४ हजार ५८ जनसंख्या रहेको छ ।<br>लेखापरीक्षणमा पेश भएसम्मको आर्थिक कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना,इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र,आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सिमित साधन र स्रोत, सूचनाको कमि,कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता,कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निकूयौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको आधारमासम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छनः- | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.८९,६९४।- असुली भई सञ्चित कोष दाखिला भएको छ । | |
| ३ | | | **वित्तीय विवरण विश्लेषण** | |
| ३.१ | | | **स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तLय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु र पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार पालिकाको आर्थिक वर्ष २०७८।७९ को स्थानीय सञ्चित कोषको आय व्यय विवरण निम्नानुसार रहेको छ। | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १४३५९११३३४.४८ | १३२५१७५४०३.९ | | १३६७१०९४०९.४ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | १३७५७६८६३५. | १२९०९२९१०२.९ | ० | १२९०९२९१०२.९ |
| | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११००० कर | ११ | २९५८९५६३५. | ३३९३३७२६३. | ० | ३३९३३७२६३. | | |
| | | | १३००० अनुदान | | ९९३९८३०००. | ८९०४२५८००.६५ | ० | ८९०४२५८००.६५ | | |
| | | | संघीय सरकार | १२ | ८३५९५२०००. | ७६७९९९०४३.६५ | ० | ७६७९९९०४३.६५ | | |
| | | | प्रदेश सरकार | १२ | १५८०३१०००. | १२२४२६७५७. | ० | १२२४२६७५७. | | |
| | | | १४००० अन्य राजस्व | | ८५३९००००. | ५७५२५४५६.२५ | ० | ५७५२५४५६.२५ | | |
| | | | १५००० विविध प्राप्ति | | ५०००००. | ३६४०५८३. | ० | ३६४०५८३. | | |
| | | | ख. अन्य प्राप्ति | | ६०१४२६९९.४८ | ३४२४६३०१. | | ७६१८०३०६.५ | | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | | |
| | | | कोषहरु | | ६०१४२६९९.४८ | २५९६०९१६. | ० | ६७८९४९२१.५ | | |
| | | | धरौटी | | ० | ८२८५३८५. | ० | ८२८५३८५. | | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | | |
| | | | भुक्तानी (ग+घ) | | १६१८५५२८०२.४८ | १२८१०१३२४८.५६ | | १२८१०१३२४८.५६ | | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १५५८४१०१०३. | १२२८०४६३८१.३७ | | १२२८०४६३८१.३७ | | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ५१६९१४२८३. | ४५३७०७०००.६९ | ० | ४५३७०७०००.६९ | | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४५१६१८०५०. | ३५४९५७००४.६६ | ० | ३५४९५७००४.६६ | | |
| | | | २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | ३००००००. | ३००००००. | ० | ३००००००. | | |
| | | | २५००० सहायता (**Subsidy)** | १८ | ८४०००००. | ७३७९६५१. | ० | ७३७९६५१. | | |
| | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २६००० अनुदान | १८ | ५६१४०००. | ३९११८६०. | ० | ३९११८६०. | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३५०४००००. | १९१७२७२७. | ० | १९१७२७२७. | |
| | | | २८००० अन्य खर्च | १८ | ४३५६७६१. | ३७३४७१५. | ० | ३७३४७१५. | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५३३४६७००९. | ३८२१८३४२३.०२ | ० | ३८२१८३४२३.०२ | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | ६०१४२६९९.४८ | ५२९६६८६७.१९ | | ५२९६६८६७.१९ | |
| | | | कोषहरु | | ६०१४२६९९.४८ | ४०७९२०८१.५ | ० | ४०७९२०८१.५ | |
| | | | धरौटी | | ० | १२१९७१०८.७३ | ० | १२१९७१०८.७३ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२२,३२३.०४ | | -२२,३२३.०४ | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -१८२६४१४६८. | ४४१६२१५५.३४ | | ८६०९६१६०.८४ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४६५६७३५४१.८१ | | ४६५६७३५४१.८१ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (१८,२६,४१,४६८.००) | ५०,९८,३५,६९७.१५ | | ५५,१७,६९,७०२.६५ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ५०,८४,३५,६९७.१५ | | ५०,८४,३५,६९७.१५ | |
| ३.२ | | | **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाको देहायको रकम सुत्रमा समावेश गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

**कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त निकासा**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३२५०११०६४ | १२८७०००० | ११४६०५४९ | ११४६०५४९ |
| ३१४०१०१२३ | ३४१३६३२८० | ३१७५६२२७३ | ३१७५६२२७३ |
| ३७०००११६४ | १०००००००० | १३२५००० | १३२५००० |
| ३३६००१०२३ | ४६४००० | ४४८९१२ | ४४८९१२ |
| ३६५०११११४ | १०००००००० | ९४२६००० | ९४२६००० |
| **जम्मा** | ३७४६९७२८० | ३४०२२२७३४ | ३४०२२२७३४ |

**प्रदेश लेखा इकाइ कार्यालयबाट प्राप्त निकासाः**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३५००००११४ | ३१०००००० | २००७९६९४ | २००७९६९४ |
| ३०१००१०२४ | ७२७१०००० | ५६४२४५५८ | ५६४२४५५८ |
| ३०७०००११४ | ३५००००० | ३३४३५११ | ३३४३५११ |
| ३०१००१०२३ | १०५००० | ८९२५० | ८९२५० |
| ३९१०००११३ | ५५०००० | ४६०८१३ | ४६०८१३ |
| ३५००२१०१३ | १०००००० | ९६०००० | ९६०००० |
| ३१२०००११३ | १९५०००० | ० | ० |
| ३१४०००११४ | १०२००००० | ९०००००० | ९०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ३१४०००११३ | ७००००० | ५५०००० | ५५०००० |
| ३०८००००११४ | १०००००००० | ६३७७३८४ | ६३७७३८४ |
| ३५००००११३ | १५०००००० | १५०००००० | १५०००००० |
| ३०१९११२०३ | १०३०००००० | ९३१२९८३ | ९३१२९८३ |
| ३३७००००११४ | २०००००० | ० | ० |
| **जम्मा** | **१४५५१५०००** | **१०८०९८१९३** | **१०८०९८१९३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२,२९,०२,७९८।६४, यस वर्षको प्राप्ति रु.१,२४,२३,५६७।१०, यस वर्षको भुक्तानी रु.१,२१,७४,७८५।६९ र बैङ्क मौज्दात रु.१६,९५,५५४।- फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ। | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात | |
|---|---|---|---|---|---|
| सुत्रअनुसारकोवार्षिकप्रतिवेदन(म.ले.प.फा.नं.२७२) | ४६५६७३५४१.८१ | १३२५१७५४०३.९ | १२८१०१३२४८.५६ | ५०,९८,३५,६९७.१५ | |
| एकीकृतआर्थिकविवरणअनुसार | ४४२७७०७४३.१७ | १३३७५९८९७१ | १२६८८३८४६२.८७ | ५११५३१२५१.१५ | |
| फरक | २२९०२७९८.६४ | -१२४२३५६७.१ | १२१७४७८५.६९ | -१६९५५५४. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ: | ४,०७३,८३७ |

| खाताकोप्रकार | खाता अनुसार बाँकी रु | बैंक अनुसार बाँकी रु | फरक रकम |
|---|---|---|---|
| ग १.१ आन्तरिक राजस्व खाता | | १२४१२९.२७ | १२४१२९.२७ |
| ग २.१ चालू खर्च खाता- विजोर वर्ष | १२५७१७६८८.२९ | १२१७११७२२.१० | -४००५९६६.१९ |
| ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | २२२९२४२२५.९८ | २०८४५६६९०.९८ | -१४४६७५३५.०० |
| ग २.७ विविध खर्च खाता | १४१०३५१२.०० | १७९७२८०६.४८ | ३८६९२९४.४८ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | २०५६२४५४.४ | २५३१८५१६.२६ | ४७५६०६१.८६ |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ११८७१८००४.४८ | १३२५११५८५७.०६ | १३७९७८५२.५८ |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५४३१५२९. | ५४३१५२९.०० | ० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । साथै सुत्रको अनुसूची- २४ अनुसार चालु खर्च खाता- विजोर वर्ष र पूँजिगत खर्च खाता- विजोर वर्षमा खाता अनुसार बाँकी रु.३४,८६,४१,९१४।२७ रहेकोमा बैङ्कअनुसार बाँकी रु. ३३,०१,६८,४१३।०८ देखिएकोले रु.१८४७३५०१।१९ घटी मौज्दात देखिन्छ भने समग्रमा स्रेस्तामा भन्दा वैंकमा रु.४०७३८३७।_ वढी देखिएको छ । वैंक र स्रेस्तामा घटी वा वढी भएको रकमको एकिन गरी हिसाब-मिलान गर्नुपर्ने रु

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.५ | | | **कर दायित्वः** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२२,३२३।०४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | २२,३२३.०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठनसम्म गरेता पनि तोकिएको जिम्मेवारी पुरा गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री गगांदेवी उपाध्ययनले मिति २०७८।३।१० गते रु.१ अर्ब ५६ करोड ५२ लाख ६३ हजारको बजेट सभा समक्ष पेस गरेकोमा मिति २०७८।३।११। मा पारित भएको छ । यसैगरी नगर प्रमुखले २०७८।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ। | |
| ८ | | | **अबण्डा बजेट:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष रु.१ करोड ४९ लाख अबण्डा राखेको छ। उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट चालु तथा पुजीगततर्फ शीर्षकहरुमा बाँडफाडँ गरी खर्च गरेको छ। पालिकाको कुल समानिकरण तथा राजस्व बाँडफाड बजेट रु.१ अर्ब ५६ करोड ५२ लाख मध्ये रु.१ करोड ४९ लाख अर्थात १ प्रतिशत बजेट अबण्डमा राखी कार्यपालिकाको पटके निर्णयबाट खर्च गरेको छ। यसरी कानून वमोजिम नगर सभवाट बजेट पारित गर्नुपर्नेमा एकमुष्ट रकम तोकी प्रमुख, उप-प्रमुख तथा कार्यपालिका सदस्यको नाममा कार्यक्रम छुट्टयाई कार्यपालिकावाट कार्यसम्पन्न पछि निर्णय गराएको देखिएकोले यस्तो प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |

| सिनं | शिर्षक | रकम |
|---|---|---|
| १ | उप प्रमुख सिफारिस योजना | ५० लाख |
| २ | कार्यपालिका सदस्य सिफारिय योजना | ४९लाख |
| ३ | नगर प्रमुख सिफारिस योजना | ५०लाख |
| | जम्मा | १ करोड ४९ लाख |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **खर्च बिश्लेषणः**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.२४,३६,६९,८३१।२३, राजस्व बाँडफाँड र अनुदानबाट रु.८८,९४,४७,५१७।६५ समेत रु.१,१३,३१,१७,३४८।८८ आम्दानी भएकोमा चालु तर्फ रु.८४,५८,६२,९५८।३५ र पूँजिगत तर्फ रु.३८,२१,८३,४२३।०२ समेत रु.१,२२,८०,४६,३८१।३७ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १९.८४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,३४,७४,५४६।- खर्च भएको छ जुन आन्तरिक आयको ५.६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९ प्रतिशत चालु र ३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनीक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनीक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ। | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची- १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान नभएको अवस्था छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगति विवरण बनाई पेस गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ दरबन्दी स्वीकृत रहेकोमा प्राप्त विवरण अनुसार प्रमुख प्रशाकीय अधिकृत सहित ७८ जना पदपूर्ती भएको देखिन्छ । पालिकालाई चाहिने थप दरबन्दी सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्ष भएको छैन । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी हुनुको कारण स्पष्ट छैन । तसर्थ स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ति गर्ने तथा सरुवाको लागि सहमति जनाउने जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाई संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मात्र थप जनशक्ति राख्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ७० जना कर्मचारीहरु करारमा राखि रु.३,४९,९२,६३१।- खर्च लेखेको छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको विभिन्न पदमा २६ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ९१,४३,८४२।- भुक्तानी गरेको अनियमित रु. | ९,१४३,८४२ |
| १३ | | | **तलबि प्रतिवेदनः**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले विभिन्न कर्मचारीको तलब भत्तामा रु. ५,३८,३२,१४२।२४ खर्च लेखेकोमा केही कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले तलब र ग्रेड रकम भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ। | |
| १४ | | | **त्रैमासिक खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची- २ को ढाँचामा त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्र.स. | बजेट उपशीर्षक | कुलखर्च | आषाढ महिना |
|---|---|---|---|
| १ | चालुगत | ८४५८६२९५८.३५ | २२४२१०००० |
| २ | पुजिगत | ३८२१८३४२३.०२ | ९८२२२००० |
| **३** | **जम्मा** | **१२२८०४६३८१.३७** | **३२२४३२०००** |
| ४ | चालु खर्च प्रतिशत | ६८.८८ | ६९.५४ |
| ५ | पूजीगत खर्च प्रतिशत | ३१.१२ | ३०.४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।<br>(तालिका तल)<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ४६.५७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.४० प्रतिशत रहेको छ। | |
| १६ | | | **सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणालीः**<br>नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।०७ र २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/ स्थानिय तहका कार्यलयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ । कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग आंशिक मात्र गरेको छ । अतः कार्यालयले सम्पूर्ण सार्वजनिक सम्पतिहरु (PAMS) अनिवार्य अभिलेख राख्नुपर्दछ। | |
| १७ | | | **सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वडा कार्यलयले खरिद गरेको जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको र जिन्सी निरीक्षण समेत नगरेकोले खरिद भएका, सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,६६,६६,०००.०० | ५,५४,२०,८३७.०० | ४.५१ | १,१२,४५,१६३.०० |
| २ | सामाजिक विकास | ६७,७२,६९,२५९.०० | ५७,१९,०९,५९३.२१ | ४६.५७ | १०,५३,५९,६६५.७९ |
| ३ | पूर्वाधार विकास | ४२,२०,४३,७८२.०० | २८,४१,२१,८७२.४१ | २३.१४ | १३,७९,२१,९०९.५९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,३५,९३,०००.०० | १,७२,४४,८०८.०० | १.४० | ६३,४८,१९२.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३६,८८,३८,०६२.०० | २९,९३,४९,२७०.७५ | २४.३८ | ६,९४,८८,७९१.२५ |
| कुलजम्मा | | १,५५,८४,१०,१०३.०० | १,२२,८०,४६,३८१.३७ | १०० | ३३,०३,६३,७२१.६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सम्पत्ति हस्तान्तरण:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार जिन्सी लगत व्यवस्थित गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन । कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी तोकी सहायक खाता व्यवस्थित गरेको पाईएन । मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १९ | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुगमन समयन्त्र बनाई रकमको प्रभावकारी पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |
| २० | | | **बार्षिक खरिद योजना/गुरुयोजना:**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३८,२१,८३,४२३।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| २१ | | | **सवारीसाधन खरिदः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले १४ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.४०,८९,६००।- बजेटबाट खर्च गरेको छ । आन्तरिक आम्दानीको अवस्था अनुसार यस्ता खर्च गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **योजना छनौट र कार्यान्वियनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगरविकास योजना, २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाख सम्म</td><td>रु २ लाख देखि ५ लाख सम्म</td><td>रु ५ लाख देखि १० लाख सम्म</td><td>रु दश लाख भन्दा बढिका</td><td>जम्मा</td></tr><tr><td>१५९</td><td>१२०</td><td>१२४</td><td>८०</td><td>४९</td><td>५३२</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि १० करोड सम्मका जम्मा ५३२ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र १५९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभर योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| २३ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो बर्ष ३० विवाद दर्ता भएकोमा २८ वटा फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| २४ | | | **कानून र सञ्चालन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ६६ वटा नियमावली, कार्यविधि लगायत ९० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>
सेवाप्रवाहको स्थिति :<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ५ वटा ऐन, २ वटा नियमावली, ७ कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्शा दर्ता पास</td><td>३७५</td></tr>
<tr><td>पञ्जिकरण</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३१८१</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>७०४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>४.५२ कि मि</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>२८.४० कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>३९.९३ कि.मि.</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको शाखा अनुसारको व्यवस्थित अभिलेख राखी सेवा प्रवाह थप व्यवस्थित बनाई प्रभावकारी बनाउनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>शसर्त अनुदान विविध खातामाः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ४५ अनुसार शसर्त अनुदानको लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभएमा फिर्ता पठाउनुपर्नेमा पालिकाले निम्नअनुसार ०७९।०३।३१ मा एक टिप्पणी मार्फत प्रदेश सरकारको ४ कार्यक्रम तर्फ रु.१ करोड ४७ लाख ८७ हजार र संघीय सरकारको रु. ४१ लाख २७ हजार समेत रु.१ करोड ८९ लाख १४ हजार विविध खातामा आम्दानी गरी २५ योजना तथा कार्यक्रममा खर्च गरेको देखिएको छ । समयमा काम सकिएका योजनाहरुको भुक्तानी गर्ने क्रममा आर्थिक वर्षको अन्त्यमा सुत्र नचलेको कारण भुक्तानी अनियमित भएको पालिकाले जनाएको छ । संघीय सरकारलाई फिर्ता गर्नुपर्ने वचत रकम रु.७,३२४।- मिति २०७९।५।२१ मा राष्ट्रिय वाणिज्य वैङ्क मार्फत संघीय सञ्चित कोषमा दाखिला गरेको छ । तोकिएको म्याद भित्र खर्च हुन नसक्ने रकम सम्वन्धित निकायमा फिर्ता गर्नुपर्नेमा पालिकाले विविध खर्च खातामा आम्दानी गरी तोकिएको म्याद पश्चात खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीयसरकार</td><td>शसर्तचालु</td><td>७,३२४.००</td></tr>
<tr><td>प्रदेशसरकार</td><td>शसर्त अनुदान चालु</td><td>८,०७,३७५.००</td></tr>
<tr><td></td><td>शसर्त अनुदान पुँजीगत</td><td>१,२७,११,५३५.००</td></tr>
<tr><td></td><td>समपुरक अनुदान चालु</td><td>११,९०,३९४.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१,४७,१६,६२८.००</td></tr>
</table>
</td><td>१८,९१४,४७९</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>आर्थिक सहायताः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने देखिंदैन । पालिकाले यस वर्ष रु.८,२९,६०७। आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता मापदण्ड वेगर खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **वितरणमुखी कार्यः**<br>स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दीर्घकालीन योजना बनाएर गर्नुपर्दछ। पालिकाले देहायका विभिन्न कार्यक्रम अन्तर्गत रु.७,५३,९७२।- वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा अन्तनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।<br><br>गोश्वरा भौचर नं/मिति ; कार्यक्रम ; विवरण ; खर्च रकम<br>७५६-०७८/१०/०७ ; ज्येष्ठ नागरिक सम्मान कार्यक्रम ; २५० वटा ; २५००००<br>५७९-०७८/०८/२७ ; ज्येष्ठ नागरिक सम्मान कार्यक्रम ; ३५० वटा ज्याकेट ; ३५३९७१.५०<br>२०११-०७९/३/१९ ; लक्षित वर्ग कार्यक्रम ; चल्ला वितरण ; १५००००<br> ; **जम्मा** ; ; **७५३९७२** | |
| २९ | | | **स्थानीय तहका पदाधिकारी सुविधा:**<br>कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. १,३४,७४,५४६।- सुविधा वापत भुक्तानी भएको छ । | |
| ३० | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना, खाजा तथा विविधतर्फ मात्र रु.३०,००,०००।- खर्च गरेको छ । विविध खर्चको मापदण्ड वनाई मितव्यायी हुनुपर्दछ । | |

| गोश्वरा भौचर नं/मिति | कार्यक्रम | विवरण | खर्च रकम |
|---|---|---|---|
| ७५६-०७८/१०/०७ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | २५० वटा | २५०००० |
| ५७९-०७८/०८/२७ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ३५० वटा ज्याकेट | ३५३९७१.५० |
| २०११-०७९/३/१९ | लक्षित वर्ग कार्यक्रम | चल्ला वितरण | १५०००० |
| | **जम्मा** | | **७५३९७२** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **सिटी बसपार्क व्यवस्थापनः**<br>कार्य (ठेक्का नं Revenue Tender ०३.०७६.०७७) पालिकालाई वीरेन्द्रनगर नगरपालिका वडा नं ६ मा रहेको सिटी बसपार्क र सोमा निर्माण भएको संरचना प्रयोग वापत मासिक रु.३१,१५,५२३।- का दरले ३ वर्षमा रु.११,२१,५८,८२५।- भाडा बस पार्क संचालन भएको मिति देखि संकलन गरी बुझाउने कबोल गरी मिति २०७७।०४।२५ मा निर्माण व्यवसायी पि.आर. कन्स्ट्रक्सन प्रा.लि. भक्तपुरसँग सम्झौता भई २०७७।०८।१५ राजश्व संकलन सुरु भएको देखियो। संम्झौता अनुसार प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र रकम दाखिला गर्नुपर्ने गरी बुदा नं ५ मा प्रत्येक महिना भुक्तान भएको वढीमा १५ दिन भित्र भाडा बुझाईसक्नुपर्ने, सो अवधिमा नबुझाएमा थप १५ दिन सम्म हर्जना वापत प्रतिदिन १ प्रतिशतका दरले थप जरिवाना र मासिक शुल्क बुझाउनुपर्ने, महिना भुक्तान भएको ३० दिन सम्म पनि रकम नबुझाएमा प्रतिदिन २ प्रतिशतका दरले हर्जना जोडी रकम बुझाउनुपर्ने र दुई महिना सम्म पनि यस्तो रकम नबुझाएमा तेस्रो महिनामा दैनिक ५ प्रतिशतका दरले जरिवाना र मूल रकम हिसाब गरी अग्रीम भाडा वापत जम्मा गरेको रकमबाट जरिवाना समेत जोडी पालिकाले असुल उपर गरी कार्यसम्पादन जमानत वापतको सम्पूर्ण रकम असुल गरी करार सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायीले उल्लेखित संम्झौता बमोजिम २०७७ चैत्र १५ देखी २०७९ आषाढ सम्मको बुझाउनुपर्ने राजश्व बुझाएको देखिएन । सम्झौता बमोजिम २०७९ आषाढ मसान्त सम्म १५.५ महिनाको सावा रु.४,८२,९०,६०६।५० र सो को संझौता बमोजिम जरिवाना सहित हालसम्म रु.३७,९४,८०,०७४।- बुझाउनु पर्ने देखिएको छ । संझौता अनुसार रकम बुझाउन ढीला गरी विवाद भएको कारण निर्माण व्यवसायी अदालती प्रक्रियामा गएको कारण राजस्व प्राप्त भएको छैन । हर्जनाका सन्दर्भमा फैसला अनुसार हुने भएपनि सावा रकम तत्काल असुल गर्नुपर्ने रु. | ४८,२९०,६०६.५ |
| ३२ | | | **राजश्व दाखिलाः**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत १६ वटा मध्ये वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। | |
| ३३ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२१,७५,४०,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.२४,३६,६९,८३१।२३ अर्थात अनुमान भन्दा ११२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आयको अनुमान यर्थाथपरक बनाई थप आय आर्जनका क्षेत्रहरु पहिचान गरी आय बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रियअनुदानबाट खर्च: ८८९४४७५१७.६५ ; आन्तरिकआय: २४३६६९८३१.२३ ; आन्तरिकआय प्रतिशत: २७.४०<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २७.४० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३५ | | | **बक्यौता:**<br>सकारकर्ताले बिगत बर्ष देखिको सकार रकम र जरिवाना समेत नियमित रुपमा नबुझाई महिना छोडेर बुझाउँदा नगरपालिकाले प्राप्त भएको जतिलाई आयमानी जरिवाना नगरी असुल गरेको देखियो । सम्झौता अबधि देखि हाल सम्म असुल हुन बाँकी रकमको जरिबाना समेत उठाउन बाँकी रकममा लागत कायम गरेको देखिएन । यस बर्षको मात्र प्राप्ति हेर्दा असुल हुन बाँकी जरिवाना रकम समेत निम्नानुसार आय आर्थिक बर्षको अन्त्य सम्म असुल हुन बाँकी देखिएकोले असुल गरी स्थानीय संचित कोषमा दाखिला प्रमाण पेस हुनु पर्ने रु. | २,२४२,०३२ |

| केन्द्रियअनुदानबाट खर्च | आन्तरिकआय | आन्तरिकआय प्रतिशत |
|---|---|---|
| ८८९४४७५१७.६५ | २४३६६९८३१.२३ | २७.४० |

| सि नं | व्यवसायीको नाम थर | कोठा नं | तिर्न वाँकी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | देवीराम तिवारी | ग्रिन पार्क बसपार्क | १२३००० | २०७५ फागुन देखि वाकी |
| ३ | राम बहादुर थारु | हटिया पुरानो सेट | १४००० | २०७८ मंसिर देखि |
| ४ | डिल्ली प्रसाद पटेल | हटिया पुरानो सेट | १४००० | २०७८ मंसिर देखि |
| ५ | आशा थापा | हटिया पुरानो सेट | ११०२५० | २०७४ वैशाख देखि |
| ६ | तारा खत्री | हटिया पुरानो सेट | २३००० | २०७८ असार देखि वाकी |
| ७ | शहनाथ कवडिया सोझे राई | हटिया पुरानो सेट | ३९०५० | २०७७ असोज देखि बाकी |
| ८ | नन्द बहादुर खत्री | हटिया पुरानो सेट | ८७५०० | २०७५ जे७ देखि वाकी |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | ओम बहादुर मास्की मगर | सब्जी मण्डी | ३३०००० | आ व ०७४।०७५ देखि वाकी | | |
| | | | | १० | टोपेन्द्र जंग शाही | सब्जी मण्डी | ३३६०० | २०७८ जे७ देखि वाकी | | |
| | | | | ११ | दल बहादुर अधिकारी | सब्जी मण्डी | ४५९९० | २०७७ असोज देखि वाकी | | |
| | | | | १२ | लोक बहादुर कुमाल | सब्जी मण्डी | १८०६० | २०७८ पौष देखि वाकी | | |
| | | | | १३ | डण्ड बहादुर विश्वकर्मा | सब्जी मण्डी | ३३८६० | २०७७ चैत्र देखि वाकी | | |
| | | | | १४ | सन्तोष वि क | नास्ता पसल | ४०७४ | २०७८ पौष देखि वाकी | | |
| | | | | १५ | चन्द्रकला कामी | मासु पसल ०१ | १७०० | २०७९ असार देखि वाकी | | |
| | | | | १६ | तारा कुमारी शाही | ” ” | ११९०० | २०७८ पौष देखि वाकी | | |
| | | | | १७ | विरे कामी | ” ” | ११९०० | २०७८ पौष देखि वाकी | | |
| | | | | १८ | दिपेन्द्र गैरे | ” ” | १७०० | २०७९ असार देखि वाकी | | |
| | | | | १९ | नर बहादुर भण्डारी | ” ” | १८७०० | २०७८ भदौ देखि वाकी | | |
| | | | | २० | पार्वती तिरुवा | ” ” | १०८८० | २०७३ चैत्र देखि वाकी | | |
| | | | | २१ | जसविर कुमाल | ” ” | ३६९०० | २०७७ असोज देखि वाकी | | |
| | | | | २२ | श्याम नेपाली | | ७३१०० | २०७५ पौष देखि | | |
| | | | | २३ | दिपक नेपाली | | १२५८०० | २०७३ जे७ देखि | | |
| | | | | २४ | प्रेम बहादुर सुनार | | ११९०० | २०७८ पौष देखि | | |
| | | | | २५ | टिकाराम दमाई | | ७६५०० | २०७५ कार्तिक देखि | | |
| | | | | २६ | चन्द्रलाल वुढा मगर | | ११९०० | २०७८ पौष देखि | | |
| | | | | २७ | फजिर बक्स–अमर वि क | | ११९०० | २०७८ पौष देखि | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २८ | रविलाल विश्वकर्मा | | १०८८० | २०७३ चैत्र देखि | | |
| | | | | २९ | इन्द्रे कुमाल | | १२२४०० | २०७३ श्रावण देखि | | |
| | | | | ३० | शेर बहादुर वि क | | १७०० | २०७९ असार देखि | | |
| | | | | ३१ | विष्णु कामी | | ४४८१४ | २०७२ फागुन देखि | | |
| | | | | ३२ | विर वहादुर वि क | | ४०७४ | २०७८ पौष देखि | | |
| | | | | ३३ | द ग्रिन सिटी सेनिटेसन सेवा नेपाल वी न पा ६ सुर्खेत | खसि बधसाला | ७७७००० | २०७८ श्रावण देखि बाँकी | | |
| | | | | | जम्मा | | २२४२०३२ | | | |
| ३६ | | | **प्रति शिक्षक एक ल्यापटपः**<br>पालिकाले कार्यक्रम तयार गर्दा सोको लक्ष्य तथा उद्देश्यका साथसाथै लाभ लागत मुल्याङ्कन गरी मात्र कार्यक्रम निर्धारण गर्नुपर्दछ । पालिकाले प्रति शिक्षक एक ल्यापटप कार्यक्रम अन्तरगत ४ थान ल्यापटप खरिद गरी रु.४,२९,८५२।- खर्च लेखेको छ । उक्त कार्यक्रमले शिक्षा क्षेत्रमा के सकारात्म प्रभाव पर्ने वा के उद्देश्यले कार्यक्रम तयार गरेको हो सोको पुष्टि हुने प्रमाण वेगर खर्च लेखेको देखिएकोले खर्चको औचित्य देखिएन । | | | | | | | |
| ३७ | | | **दिवा खाजाः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि ५ कक्षासम्म प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार लिई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन तथा दैनिक हाजिरी एवम खर्चको विल भरपाई समेत पेस नगरी दिवा खाजा व्यवस्थापन वापत रु. १ करोड ५१ लाख ८३ हजार ६ सय ६० निकासा गरेको छ । पालिकाले IEMIS विवरण, पालिकामा विद्यालयबाट पठाईएको हाजिरी विवरण तथा विद्यालयमै गई विद्यार्थीको वास्तविक विवरण तथा खुवाईएको खाजा सम्बन्धमा अनुगमन समेत गरेको छैन । पालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेस गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नुपर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **अनुदानबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई अनुदानबाट रु. १६,१२,८००।- तलब भत्ता भुक्तानी गरेको अनियमित रु. | १,६१२,८०० |
| ३९ | | | **विद्यालयलाई वस खरिदः**<br>शिव माध्यमिक विद्यालय धुलियाबिटमा बस खरिद गर्न पालिकाले रु.२५ लाख अनुदान दिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वय पुस्तिकाले सार्वजनिक विद्यालयमा बस संचालन सम्वन्धि व्यवस्था गरेको देखिएन । पालिकाको अनुदानवाट संचालित कार्यक्रमको दीर्घकालीन असर विश्लेषण गरी उक्त कार्यक्रम संचालन निर्देशिका स्वीकृत गरी मात्र खर्च गर्नुपर्दछ। पालिकाले शिव माध्यमिक विद्यालय धुलियाबिटमा शान्तिनगर झुप्राका बादी जाती र विपन्न वर्गका बालबालिकालाई दीर्घकालीन शिक्षामा पहुंचका लागि यातायात ब्यवस्थापन गर्न रु.२५ लाख निकासा गरेकोमा उक्त बस के कसरी संचालन गर्ने, वस संचालनको खर्च तथा आम्दानी व्यवस्थापन विद्यालयले गर्न सक्ने वा नसक्ने सोको विश्लेषण गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. ३१,८१,१८४।- का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधी स्वीकृत कम्पनीबाट उत्पादन भए नभएको तथा सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधी प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४१ | | | **स्वास्थ्य जनशक्ति व्यवस्थापनः**<br>पालिकाको स्वास्थ्य सेवा तर्फका विभिन्न पदमा ३८ जनाको दरबन्दी रहेकोमा ९९ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । पालिका अन्तर्गत स्वास्थ्य सेवा प्रवाहको लागि तोकिएको दरबन्दीले नपुग हुने भएमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी तोकिएको निकायबाट सहमति प्राप्त गरी थप जनशक्ति परिचालन गर्नुपर्नेमा सो गरेको देखिदैन । आवश्यक जनशक्ति भन्दा दोब्बर भन्दा बढी मात्रामा कर्मचारी रहेको हुँदा आर्थिक भार परेको छ । साथै अन्य स्थानीय तहका स्वास्थ्य संस्थामा जनशक्ति अभाव हुने अवस्था रहेको छ । यसरी तोकिएको दरबन्दी भन्दा बढीमात्रामा कर्मचारी प्राप्तिको लागि सहमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई जवाफदेही बनाई यस्तो कार्यलाई नियन्त्रग गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवाः**<br>विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खाना प्रेरित गरी स्वास्थ्य जीवन शैलीमा अभ्यस्त गराउन, वातावरण तथा व्यक्तिगर सरसफाइमा सुधार लगाएत स्वास्थ्य क्षेत्रको सुदृढिकरण गरी समग्र स्वास्थ्य क्षेत्रलाई सबल बनाउनको लागि विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका, २०७६ को दफा ४ बमोजिम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा अन्तर्गत १९ जना विद्यालय नर्स परिचालन गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | |
| ४२.१ | | | **पोशाक तथा चाडपर्व खर्चः** विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका, २०७६ को दफा ८ खण्ड (ख) बमोजिम करार सम्झौता गरिएका विद्यालय नर्सको मासिक पारिश्रमिक कम्तिमा नेपाल सरकारको स्वास्थ्य सेवाको (पाचौ तहको स्टाफ नर्सको) सुरुको तलब स्केल बमोजिम हुनुपर्ने व्यवस्था छ । निर्देशिकामा पोशाक तथा चाडपर्व खर्चको सम्बन्धमा कुनै पनि व्यवस्था नभएकोमा पालिकाले करार सम्झौतामा चाडपर्व र पोशाक खर्च समावेश गरी करार सम्झौता गरेको छ । पालिकाले निर्देशिकामा उल्लेखित सेवा सुविधाको अतिरिक्त सम्झौता गरेको हुँदा थप आर्थिक भार परेको छ । | |
| ४२.२ | | | **बढी तलब भत्ता निकासाः** तलब भत्ता निकासा गर्दा काम गरेको अवधिसम्मको मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले देहायका विद्यालय नर्स संगिता थापाको रु. २९,८९८।- तलब भत्ता भुक्तानी गर्दा राजिनामा पछिको समेत तलब भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | २९,८९८ |
| ४३ | | | **बाख्रा वितरणः** | |
| ४३.१ | १७ | २०७८-५-२९ | **बाख्रा वितरणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार विल भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले नगर प्रमुखको सिफारिसवाट संचालित योजनामा लेकाली वाख्रा फर्मवाट २५ वटा बाख्रा खरिद गरी रु.४,४४,०००।- खर्च लेखेकोमा उक्त बाख्रा वितरण गरेको प्रमाण पेस नभएकोले बाख्रा वितरणको प्रमाण पेस हुनुपर्ने रु. | ४४४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.२ | | | **बोयर बोका तथा बाख्राः** प्रजननयोग्य बोयर जातको बोका तथा बाख्रा आधिकारिक फर्म, अनुसन्धान केन्द्र वा सरकारी मान्यता प्राप्त घोषित श्रोत केन्द्रबाट तोकिएको मूल्यमा खरिद गर्नुपर्ने प्रावधान रहेकोमा देहायका लाभग्राहीलाई समुहलाई बोका तथा बाख्राको खरिदको लागि अनुदानमा वितरण गरेको देखियो । संझौताको बुदा नं ९ मा दोश्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवंम कारोवार सम्बन्धी विवरणहरु अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने तथा सोही संम्झौताको बुदाँ नं ११ बमोजिम बाख्राहरुको बीमा दोश्रो पक्षले अनिवार्य गर्नुपर्ने तथा आधिकारीक श्रोत केन्द्रबाट खरिद नगरेको, लाभग्राही छनोटको मापदण्ड नभएको र स्वास्थ्य परीक्षण नगराएको जस्ता अवस्था देखिएकोले नियमित नभएको रु.<br><br>**लाभग्राही** \| **बोका तथा बाख्रा संख्या** \| **अनुदान रकम**<br>आदर्शनगर टोलको घोक्रनी र संगमटोल वोयर बोका खरिद समिति \| २ वटा वोयर बोका \| २०००००<br>रतु कृषि तथा पशुपछि समुह \| २० बाख्रा \| ७०००००<br>दलित महिला कृषि तथा पशुपालन कृषक समुह \| २२ वटा बाख्रा १ वटा बोका \| ७००००० | १,६००,००० |
| ४४ | | | **सामाजिक सुरक्षा भत्ताः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम पालिकाले १६ वटा वडामा १२ वटा वाणिज्य वैक मार्फत लाभग्राहिलाई ४ त्रैमासिक रु.३१ करोड ७५ लाख ६२ हजार भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४.१ | | | पालिकाले पेस गरेको बैङ्क विवरण अनुसार निम्न ३ बैंकको आषाढ मसान्तको अन्तिम मौज्दात रु. ७५,८८,०१०।- बाँकी देखिएकोमा सो पश्चात पनि कारोबार भई बाँकी रहेको रु. २७.४१.५३३।- मात्र फिर्ता भएकोले आषाढ मसान्त पश्चात खर्च भएको रकम रु. ४८,४६,४७७।- सम्बन्धमा पालिकाबाट छानविन गरी यकिन गर्नुपर्दछ ।<br><br>बैंङ्क \| अषाढ मसान्तको मौज्दात \| फिर्ता मिति \| दाखिला रकम रकम<br>सनराईज बैंक \| १२८३९१२ \| २०७९।०५।१९ \| ७११०००<br>कुमारी बैंक \| ५०५२१५१ \| २०७९।०५।२८ \| ९७६९२३<br>ग्लोबल आइएमइ \| १२५११९४७ \| २०७९।०४।२८ \| १०५३६१०<br>\| **७५८८०१०** \| \| **२७४१५३३** | |
| ४४.२ | | | **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसुची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै मुल अभिलेख राखेको देखिएन । | |
| ४४.३ | | | **नविकरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४(५) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसूची-३ बमोजिमको ढाचाँमा राख्नुपर्ने व्यवस्था छ । साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो ढाँचामा अभिलेख राखेको देखिएन । | |
| ४४.४ | | | **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहल नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४.५ | | | **सार्वजनिक सुनुवाई र अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउनु पर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।<br>**पारदर्शिता कामय :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन । | |
| ४५ | | | **मुख्य मन्त्री रोजगार कार्यक्रम तर्फः**<br>**वायोग्यासः** संभाव्यता अध्यायन वेगर व्यक्तिसंग संम्झौता गरी कम्पनीले लिजमा लिएको जग्गामा वायोग्यास फिल्टर लगायतका मेसिन खरिदका लागि कर्णाली उज्यालो कार्यक्रमको बजेट संशोधन/रकमान्तर गरी रु.१ करोड ७७ लाख ५४ हजार के.पी. व्यवसायिक सेवा केन्द्रलाई भुक्तानी दिएको छ । प्रतिदिन ७२० के.जी. कच्चा पदार्थ उपलब्ध गराउन सके प्रतिदन ९ टन ग्यास उत्पादन हुने लक्ष्य राखेकोमा सोको व्यापार योजना (Business Plan) तयार गरेको छैन । एकातर्फ कच्चा पदार्थका लागि पालिकाले फोहोर व्यवस्थापन गर्ने ल्याण्डफिल साइट छ भने ल्पान्ट स्थापना अर्कोतर्फ रहेको छ । उत्पादित ग्यास खपत गर्न अटो व्यवसायीसँग संझौता भएको, गोबर लगाएतका फोहोर खरिदका लागि संभाव्यता अध्ययन भई रहेको संस्थाले जनाएता पनि उक्त ल्पाण्टको वातावरणीय प्रभाव मूल्याङ्कन लगायत कार्य सम्पन्न नभएको DPR पेश नभएको लगायत प्रक्रिया नपुर्‍याई लगानी गरेको नियमितता रऔचित्यपूर्ण छैन । दीर्घकालीन रुपमा सकरात्मक असर गर्ने उक्त योजना संञ्चालन गर्ने जग्गा, वैकल्पिक उर्जा संस्थासँगको समन्वय र बजारीकरण लगायत विस्तृत अध्ययन गरेको मात्र अगाडि बढ्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | |   | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः**<br>**जिन्सी सामानः** कार्यक्रम अन्तर्गत कोपिला मा.वि. पर्नेनीको विद्यालय भवन भत्काउन ४२६ जना नजशक्ती परिचालन गरी रु. २,४५,८०२।- खर्च लेखेकोमा उक्त भवन भत्काउदा निस्किएका पुन: प्रयोग गर्न सकेने काठ, इटा, जस्तापाता लगायत जिन्सी सामानहरु प्राविधिक मूल्याङ्कन गराई उपयुक्त व्यवस्थापन गरेको देखिएन। संरचना भत्काउदा निस्कीएका सामानहरुको प्रयोग अवस्था खुलाई प्राविधिबाट प्रमाणित भएको प्रमाण पेस हुनुपर्दछ। | |
| ४७ | | | **गरिबसँग विशेश्वर कार्यक्रमः**<br>कार्यक्रम अन्तर्गत करार सेवा शुल्क र अन्य संस्था अनुदान (शर्सत) का लागि रु.४ लाख ६४ हजार विनियोजन भएकोमा रु.४ लाख ४९ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः | |
| ४७.१ | | | **सञ्चालन खर्चः** पालिकाले कार्यक्रम सञ्चालन खर्चवापत सामाजिक परिचालक मान बहादुर नेपालीलाई प्राति महिना रु.१५ हजारका दरले १३ महिनाको तलब र पोशाक भत्ता समेत रु.२ लाख ५ हजार खर्च लेखेको छ । मन्त्रालयबाटै भएको परिपत्रको पालना नहुनेगरी बजेट विनियोजन गरी निकासा दिनेलाई जिम्मेवार बनाई यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ। | |
| ४७.२ | | | **कार्यक्रम छनौटः** गरिवसँग विशेश्वर कार्यक्रम सञ्चालन निर्देशिका, २०६६ अनुसार गरिब पहिचान गरी छनौट भएका समुदायलाई उत्थान गर्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा टंकी मर्मत, खानेपानी पाइप खरिद तथा रु.८५ हजारको राँगो खरिद गरी उपभोक्तालाई दिएको समेत रु.२ लाख ५५ हजार अनुदान खर्च लेखेको छ। निर्देशिकामा उल्लेखित क्षेत्र नसमेट्ने गरी कार्यक्रम बनाई खर्च गरेको नियम सम्मत देखिदैन । अनुदान र सञ्चालन खर्च समान रहेको देखिदा कार्यक्रमको लक्ष्य समेत प्राप्ति हुने अवस्था नदेखिएकोले यस्ता कार्यक्रम स्वीकृत गरी खर्च लेख्ने कार्यमा सुधार गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **डीपीआर खर्चः**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिका तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार आर्क एण्ड प्लानर्स एण्ड डेभलपर्सबाट रु.२५ लाख ४५ हजार खर्च गरी निम्न अनुसार प्रतिवेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। | |

| | | | | **रु हजारमा** |
|---|---|---|---|---|
| **क्र सं** | **कार्यक्रमको नाम** | **परामर्शदाता** | **स्वीकृत बजेट** | **खर्च रकम** |
| १ | कर्णाली नागरिक अतिथि सेवा गृह निर्माण (डि.पि.आर. सहित) | आरम्भ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ४०००. | ११३५.६५ |
| २ | किरयापुत्री भवनको सम्भाब्यता अध्ययन,डि.पि.आर. तयारी र प्रारम्भिक निर्माण कार्य (साझेदारीमा) | एस.डि.सि.इन्जिनियरिङ सर्भिस प्रा.लि. | ५०००. | ९०९.६५ |
| ३ | रानीघाटधार्मिक तथा पर्यटकीय स्थलDPR | पारागन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि. | २५०. | २५०. |
| ४ | छेडा धार्मिक तथा पर्यटकीय स्थल DPR | स्पार्टा कन्सल्ट प्रा.लि. | २५०. | २५०. |
| | | | | २५४५.३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **पर्यटन पूर्वाधारः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ ले स्वीकृत कार्यक्रम अनुसार ठेक्कापट्टा लागएतका कार्य प्रथम चौमासिकमा सम्पपन्न गर्नुपर्ने साथै नियममा तोकिएको प्रक्रिया पुरागरी योजना छनौट गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यसवर्ष पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत रु. १ करोड बजेट निकासा प्राप्त गरेकोमा प्रदेश शहिदपार्क देखि गढीसम्मको पैदल बाटो निर्माण कार्यको लागि कन्टीजेन्सी र मूल्य अभिवृद्धिकर बाहेक रु. ८५ लाख ४७ हजारको लागत अनुमान तयार गरी वोलपत्र भएकोमा सबैभन्दा कम अंक कवोल गर्ने निर्माण व्यवसायी यस.आर.जे.भी.सँग मूल्य अभिवृद्धिकर वाहेक रु. ६६,४९,६६७।- (मूल्य अभिवृद्धिकर बाहेक) मा १२ दिनमा पदमार्ग, प्रतिक्षालय, चौतारी, मन्दिर र खानेपानी तथा शौचालय समेतको पर्यटकीय पूर्वाधार निर्माण सम्पन्न गर्ने गरी संझौता गरी रु. १३ लाख २५ हजार पेश्की दिएको छ। लागत अनुमान भन्दा २२.२० प्रतिशत कममा संम्झौता भएको उक्त कार्यहरु हालसम्म सम्पन्न पनि नभएको साथै एन.सि.सि. बैंकबाट जारी जमानत म्याद २०७९।०६।११ मा नै समाप्त भई सकेकोले उक्त पेश्की रकम जोखिममा परेको छ।<br>संम्झौता अनुसार काम पनि नगर्ने तथा म्याद थप लगायत प्रक्रिया अपनाई संम्झौता निरन्तरता नदिने निर्माण व्यवसायी एवं कार्य सम्पदान समय गणना तथा विचार नगरी संम्झौता गरी बजेट फ्रिज नगर्ने उद्देश्यले पेश्की दिनलाई जिम्मेवार बनाई सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११३(६) अनुसार वार्षिक १० प्रतिशत हर्जना समेत लगाई उक्त पेश्की फिर्ता असुल गरी दाखिला गर्नुपर्ने रु. | १,३२५,००० |
| ५० | | | **आर्थिक वर्ष गणनाः**<br>सडक वोर्ड निर्देशिका, २०६१ को ५ मा वोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सडकको सूची तयार गरी सो अनुसार सालबसाली रुपमा सम्बन्धित निकायले वार्षिक सडक मर्मत संभार कार्यक्रम पेश भएको आधारमा निकासा दिने व्यवस्था छ । पालिकाले गतवर्षको अ.ल्या. रु.२५,१८,०८१।- गरी यसवर्ष रु. १,०१,६७,९६०।- समेत कूल रु. १,५३,८६,०४१।- बजेट प्राप्त भएकोमा निर्माण व्यवसायी द्रोण विल्डर्स ग्रुप अफ कम्पनी प्रा.ली.लाई दिएको पेश्की रु.१३ लाख ६९ हजार समेत रु. १,३०,७३,९७२।- खर्च गरी रु. २३,१२,०६९।- मौज्दात राखेको छ । सडक वोर्डबाट ६० प्रतिशत र पालिकाबाट ४० प्रतिशत व्यहोर्ने गरी सालवसाली योजना स्वीकृत गरी खर्च गर्नुपर्नेमा आर्थिक वर्ष मिलान हुनेगरी खर्च गरेको देखिएन । मालिका निर्माण सेवासँग आ.ब. ०७७।७८ मा संम्झौता भएको ठेक्काको यो वर्ष भुक्तानी गरी यो वर्ष संम्झौता गरेको ठेक्को भुक्तानी बाँकी रहेको छ । वोर्डबाट निकासा प्राप्त रकमको सालवसाली हिसाब मिलान हुने गरेको छैन । यसरी स्वीकृत कार्यक्रम बहुवर्षीय भुक्तानी गर्ने कार्य नियम सम्मत देखिदैन । पालिका र वोर्डको समेत आर्थिक वर्ष अनुसार खर्च यकिन हुनेगरी हिसाब मिलान गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **सामाजिक विकासः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफाले संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा ६ को स्पष्टीकरणमा सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययन तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भइसकेको वा सम्भाव्यता अध्यायन गरेर कार्यान्वियन गर्न सकिने आयोजना वैङ्कमा प्रविष्टि भएका आयोजना वा कार्यक्रमको विवरण अनुसार कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सो बाट प्राप्त प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकालाई यस वर्ष सामाजिक विकास मन्त्रालयबाट प्राप्त प्रदेश हस्तान्तरित कार्यक्रमहरु दीर्घकालीन पूँजी निर्माण भन्दा पनि मठ मन्दिर, मस्जिद निर्माण, कभर्डहल मर्मत सुधार, जेष्ठ नागरिक, मानव धर्म लगायतमा ५० हजार भन्दा साना योजनामा मात्र रु. १ करोड ६ लाख खर्च गरेको छ । नेपाल मानव धर्म सेवा समिति, सुन्नी जामे मस्जिद जस्ता वृहत अन्तराष्ट्रिय सञ्जाल भएका संस्थाहरुलाई समेत बजेट उपलब्ध गराएको पाइयो । यसबाट प्रदेश सरकारको आवधिक योजना सरकारको नीति तथा कार्यक्रममा योगदान भन्दापनि आस्था र पहुँचका आधारमा सम्बन्धित कोषको प्रयोग भएको अवस्था छ । यस्ता कार्यक्ममा बजेट खर्च गर्ने कार्यमा सुधार गर्नुपर्दछ । | |
| ५२ | | | **गौशाला स्थापना:**<br>नगरभित्रका छाडा गाईवस्तु व्यवस्थापन गर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत रु. १ करोड बजेट व्यवस्था भई रु. ९३ लाख १३ हजारमा भेरी पुल नजिक गौशाला निर्माण गरेको छ । उक्त गौशाला निर्माण पश्चात संचालन गरिने, कार्य संचालन मोडल वजार व्यवस्थापन, खर्च व्यवस्थापन तथा दीर्घकलीन संचालन योजना बनाएको छैन । उद्वेश्य प्राप्तिको सुनिश्चितता नगरी दीर्घकालीन असर गर्ने योजनामा लगानी गरेवाट, उक्त रकम सदुपयोग हुने अवस्था नदेखिएकोले दीर्घकालीन योजना वनाएर मात्र लगानी गर्ने कार्यमा सुधार गर्नुपर्दछ। | |
| ५३ | | | **दीर्घकालीन योजनाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरका विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत लागुगर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय र प्रदेश सरकारको नीति लक्ष्य उद्वेश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धितलाई ध्यान दिई आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान दिन स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुनेगरी आवधिक, वार्षिक रणनीतिगत विषयमा मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाईको छैन। २०३३ सालमा स्थापित यस पालिकाले अपेक्षित उपलब्धी हुनेगरी वार्षिक, मध्यकालीन एवं दीर्घकालीन योजना बनाई सोसँग सामञ्जस्यता हुनेगरी बजेट कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ५४ | | | **वालको नापः**<br>नेपाल राष्ट्रिय प्रा.वि. फलाटेलाई भवन निर्माण शीर्षकमा रु.२० लाख भुक्तानी गरेकोमा भवनको वालको नाँपमा ३.५*.२३*२.३ मिटरको वाल घटाउनु पर्नेमा नघटाई गणना गरेको कारण १.८५१५ वर्गमिटरको प्रति वर्गमिटर रु.१३,३४६।- का दरले रु.२४,७१०।– भुक्तानी भएकोले असुल गर्नुपर्ने रु. | २४,७१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **रित पूर्वकको बिजकः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार विल भरपाई सहित लेखा राख्नुपर्दछ । बिल नं केरमेट गरी निर्माण व्यवसायी अशोका निर्माण सेवा (६०२९७२१२७) ले मूल्य अभिवृद्धि कर रु. १,२३,४५८।- समेत रु. १०,७३,१३५।- को २०७९।२।३० मा ०२९ बिल जारी गरी भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन पेस हुनुपर्ने रु. | १२३,४५८ |
| ५६ | | | **परामर्श सेवा खरिदः**<br>पालिका अन्तर्गतको वडा नं. २ जलेश्वर मन्दिरमा कृयापुत्री भवन निर्माण संभाव्यता अध्यायनका लागि परामर्शदाता SDC Engineering Service Pvt. Ltd. लाई रु. ९,०९,६५०।- र राम मन्दिर परिसरमा कर्णाली नागरिक अतिथिगृह निर्माणका लागि संभाव्यता अध्ययन गर्न आरक्षण इन्जिनियरिङ्गलाई रु. ११,३५,६५०।- भुक्तानी गरेको छ । अध्यायन भएका योजना सम्पन्न गर्नुपर्दछ । | |
| ५७ | | | **पूर्वनिर्धारित क्षतिपूर्तिः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(१) बमोजिम संम्झौता अवधिमा काम सम्पन्न नभएमा संम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रेडियो नेपाल देखि उत्तरगंगा मन्दिर जाने सडक सुधारकालागि निर्माण व्यवसायी अशोका निर्माण सेवासँग कुल रु.१९,१९,६४९।- मा २०७८/१२/३० सम्ममा कार्य सम्पन्न गर्न ठेक्का नं ०७८/७९/Works/०३ बाट संम्झौता भएकोमा ०७९/०२/११ मा सम्पन्न भई बिल पेस गरेकोमा संझौता रकमको १० प्रतिशले हुने रु. १,६९,८८०।- असुल गर्नुपर्ने रु. | १६९,८८० |
| ५८ | | | **खर्च नभई भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) अनुसार नाँप अनुसारको बिल बमोजिम भुक्तानी हुनुपर्नेमा दण्डिल भूमी आ.वी. तातोपानीलाई रु. १४,५८,९४१।- भुक्तानी गरेकोमा रु. ७,५१,०००।- को काम नभएकोले विद्यालयको खातामा रोक्का राख्ने शर्तमा भुक्तानी भएको देखियो । काम नै नभएको रकम खर्च लेख्न मिल्ने नदेखिएकोले काम सम्पन्न भएको प्रमाण पेस हुनुपर्ने अन्यथा असुल फिर्ता हुनुपर्ने रु. | ७५१,००० |
| ५९ | | | **हाइमास लाइटः**<br>पालिकाले नगरभित्रका विभिन्न चोकहरुको जडान गर्ने प्रयोजनका लागि यस वर्ष ९ वटा हाइमास वत्ति खरिदको लागत अनुमान रु.९६,५३,२३५।- भएकोमा ठेक्का नं NCB/BM/०७८/७८/WORKS/१८ वाट वोलपत्र भई मूल्य अभिबृद्धि कर समेत रु. ६५,८९,८७२ मा सम्झौता भएकोमा रु.६३,७७,३८४।- भूक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.१ | | | **खरिद कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३(२)(क) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा खरिदको प्रकृति, खरिद गर्न लाग्ने समय अवधि तथा सो को प्राविधिक स्पेशिफिकेसन तगायत कुराहरु समेट्नुपर्ने व्यवस्था छ । साथै स्वीकृत कार्यक्रमको सम्बन्धमा बोलपत्र लगायत खरिद तयारी समयमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगरक्षेत्रमा ९ वटा हाइमास लाइट जडानको लागि अन्तिम महिनामा NCB/BM/०७८/७९/Works/१८ बाट बोलपत्र गरी २०७९/३/१६ मा कार्यसुरु गरी ३/२४ मा सम्पन्न गर्नेगरी लागत अनुमान भन्दा ३१.७३ प्रतिशत घटी न्यून अंक कबोल गर्ने निर्माण व्यवसायी कोवाल्ट इन्टरनेशनलसँग मूल्य अभिवृद्धि कर बाहेक रु.५८,३१,७४५।- मा संम्झौता भएकोमा ०७९/३/२४ मा काम सम्पन्न भएको जनाई मूल्य अभिवृद्धि कर बाहेक रु.५६,४३,७०३।- को बिल पेस भएको आधारमा रकम खर्च लेखेको छ । छोटो अवधि १ हप्ता दिई ठेक्का सम्झौता गरेको कारण काम सम्पन्न नभएको तर भुक्तानी दिने निर्णयका कारण निर्माण व्यवसायीबाट कट्टा गर्नुपर्ने भन्दा रु. ५,६४,३७०।- बढी रकम धरौटी राखि भुक्तानी गरेको छ । काम सम्पन्न नभई नापी किताब तयार गरी भुक्तानी दिन सिफारिस गर्ने प्रविधिक र संम्झौता अनुसार सम्पन्न नहुदै भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई सम्पन्न निर्माण कार्यको पुन: नाँप यकिन गरेर बढी भुक्तानी भएमा पालिकाबाटै छानबिन गरी असुल गर्नुपर्दछ। | |
| ५९.२ | | | **योजना सञ्चालनः** गतवर्ष १२ र यसवर्ष ९ वटा लाईट जडान भएकोमा सो योजना सम्बन्धमा विस्तृत अध्यायन गरेको छैन । योजना सञ्चालनको आवश्यकता त्यसबाट पर्ने असर प्रभावको सम्बन्धमा दीर्घकालीन लक्ष्य सहितको अध्यायन बेगर संचालित योजनाले अपेक्षित प्रतिफल दिने अवस्था देखिदैन । प्रदेश सरकारको नीति तथा कार्यक्रमले वैकल्पिक उर्जालाई प्रोत्साहन गर्ने उल्लेख भएकोमा पालिकाले जडान गरेको लाइटले पालिकाको विद्युत खर्चको भार दीर्घकालीनसम्म असर गर्नेगरी बढाउने अवस्था छ । पालिकालाई दीर्घकालीन व्ययभार बढाउने यस्ता आयोजना सम्बन्धमा आवश्यक अध्यायन गरी प्रतिफलयुक्त कार्यमा नगरपालिकाले लगानी गर्नुपर्दछ। | |
| ५९.३ | | | **जडान कार्यः** निर्माण व्यवसायीसँग भएको संम्झोतामा BOQ मा लाइट जडानको संरचना इन्जिनियरले दिएको डिजाइन र स्पेशिफिकेशन अनुसार हुने उल्लेख गरेको छ तर संलग्न कागजातमा उक्त लाइट जडानको संरचना निर्माणमा प्रयोग हुने डण्डी संरचनाको डिजाइन सम्बन्धी नक्सा संलग्न गरेको छैन । लाइट जडान हुने स्थानको अवस्थिति अनुसार संरचना डिजाइन गरी जडान संरचना तयार गर्नुपर्नेमा मुल सडकको विचमा जडान भएको उक्त लाइटहरु ट्राफिक सुरक्षा युक्त समेत देखिदैन । डिजाइन अनुसार भएको नापको आधारमा भुक्तानी गरिने जडानकार्य प्राविधिकबाट सडक सुरक्षा समेतलाई ध्यान नदिएको तथा ड्रइङ्ग डिजाइन र वारडिटेल्स संलग्न नगरेबाट जडान संरचना उपयुक्त छ भन्ने आधार नदेखिएकोले जडानमा संलग्न प्राविधिकलाई जिम्मेवार बनाउपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **अधुरो निर्माण कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) ले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । साथै नियम ११७ को उपनियम (४) ले निर्माण गरेको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कार्य स्वीकार गर्नुहुदैन भन्ने स्पष्ट व्यवस्था छ । पालिकाले सडक, मन्दिर, गुम्बा, सामाजिक भवन लगायत निर्माण कार्यको पटके रुपमा बजेट व्यवस्था गरी पटके कार्यको पटके रुपमा बजेट व्यवस्था गरी पटके लागत तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । पालिकाबाट तयार भएको उपमन्यु, ऋषि मन्दिर, बटुक भैरव मन्दिर, लगायत मन्दिरहरु, ठिन्ले तात्केन गुम्बा, नेपाल मानव धर्म सेवा समिति जस्ता ठुला संरचनाको समेत बजेट टुक्रर्‍याइ योजना बनाउने र उपभोक्ता समितिलाई जिम्मा दिई काम गराउने गरेको पाइयो । यसरी पटके बजेट व्यवस्था गरी निर्माण भएको संरचनाहरुको नगरपालिकाले व्यवस्थित अभिलेख समेत राखेको छैन । उक्त निर्माण संरचनाहरु उद्देश्य अनुरुप उपयोग समेत भएको देखिएन । ठुला संरचनाहरुको विस्तृत अध्यायन नहुने, समय र लागत यकिन नहुने र साना संरचना उपयोग नभई लगानी खेर जाने अवस्था देखिएकोले संरचनाको वास्तविक मूल्य देखिने कार्य सम्पन्न प्रतिवेदन तयार गरी लागत समेत व्यवस्थित गर्न पालिकाको ध्यान जानुपर्दछ। | |
| ६१ | | | **पर्यटकिय गुम्बाः**<br>पालिकाको वडा नं. १३ को गुरास रातानाङ्लामा ठिन्ले तात्केन गुम्बा निर्माणको लागि गत विगत देखि पालिका एवं अन्य निकायगरी निरन्तर रकम निकासा हुदै आएको पाइयो । गुम्बा निर्माण काममा यस वर्ष स्ट्रक्चर मजबुतिको लागि बिचको ४ पिलरमा जगदेखिनै रेक्ट्रोफिट गरी कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा पालिकाबाट कट्टा हुने कन्टिजेन्सी लगायत खर्च कट्टा गरी रु.१८,७३,५११।- गुम्बा निर्माण उपभोक्ता समितिलाई उपलब्ध गराएको छ । विस्तृत अध्यायन, स्वीकृत स्ट्रक्चर डिजाइन वेगर उपभोक्ता मार्फत सालवसाली निकासा लिई निर्माण भएको उक्त गुम्बा प्राविधिक त्रुटी वा अन्य कारण निर्माणधीन अवस्थामा नै रेक्ट्रोफिटिङ्ग गरेको खर्च औचित्यपूर्ण छैन । पूर्ण रुपमा ड्रङङ्ग, डिजाइन नगरी निर्माण शुरु गर्ने संलग्न सवैलाई जिम्मेवार बनाई उक्त निर्माण कार्यको उपयुक्तता विश्लेषण गरेर मात्र थप निर्माण कार्य अगाडि बढाउन उपयुक्त हुने देखिंदा विस्तृत योजना वेगर निर्माण शुरु गरी हालसम्म भएको भुक्तानी समेत नियमित नदेखिएकोले गलत निर्माण कार्यमा संलग्न सवैलाई जिम्मेवार बनाई भुक्तानी नियमित गर्नुपर्ने रु. | १,८७३,५११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |   | |
| ६२ | | | **सहिद स्मृति प्रतिठानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) को संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु. ५०,६३,६८६।- को लागत अनुमान तयार गरी सहिद स्मृति प्रतिष्ठानको भवनमा २ तल्ला थप गरेको कार्य सम्पन्न जनाई पालिकाबाट व्यहोर्ने अनुदान रु. ४५ लाख निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। स्थलगत अनुगमन गर्दा उक्त भवन राजनीतिक दलको पार्टी कार्यालय प्रयोजनमा प्रयोग भईरहेको पाइयो । उक्त भवनको भुईतल्लामा रहेको सटरहरु व्यापारिक प्रयोजनमा समेत उपयोग भईरहेको अवस्थामा सञ्चित कोषबाट दलको व्यापारिक भवनसहितको कार्यालय निर्माण भएको नियम सम्मत देखिएको रु. | ४,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |  | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |  | |
| ६३ | | | **एकिकृत स्वास्थ्य पुर्वाधारः**<br>पालिकाको स्वास्थ्य सेवामा सुधारको सहज पहुँच गराउने उध्श्यले वडा न ९ लाटिकोईलिमा १५ शैयाको अस्पताल निर्माण गर्न कुल रु.१९,२८,०७,२७०।- को लागत अनुमान तयार गरी बोलपत्र भएकोमा सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी आशिष माउण्ट जे सि को कवोल रु.१२,८६,९७,७४०।- बोलपत्र स्वीकृत भई २०७८।०९।०५ मा सम्झौता गरी कबोल रु.१,१४,६०,५४०।- पेश्की भुक्तानी भएको छ।यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.१ | | | **जेनेरल आईटमः** उक्त निर्माण कार्यका लागि साइट अफिस संचालन गर्न २० महिनाका लागि रु.२ लाख भुक्तानी गर्ने BOQ मा आईटम समावेश गरेको देखियो । पालिकावाटै साईट अनुगमन निरिक्षण गर्न सकिने अवस्थामा उक्त भुक्तानी औचित्यपुर्ण हुने देखिदैन । कार्यदिशको ८ महिना सम्म कार्य सुरु तथा साइट अफिस नराखेको अवस्थामा सम्झौतामा उल्लेख भएपनि भवनको लागत वढाउने यस्तो रकम भुक्तानी गर्नु हुदैन । | |
| ६३.२ | | | **निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(३) अनुसार निर्माण स्थल व्यवस्थापन नगरी ठेक्का स्वीकृत लगायत प्रक्रिया सुरु नगर्नु पर्नेमा पालिकाले साविक स्वास्थ्य चौकी भएको स्थानमा भवन निर्माण ठेक्का सम्झौता भई पेश्की दिइसकेपछि उक्त भवन भत्काउने रुख विरुवा कटान गर्ने लगायतको काम शुरु गरेको देखियो । निर्माण व्यवसायीले साइट उपलब्ध नभई निर्माण कार्यमा ढीलाई भएकोले सहयोग गरिदिन २०७९।०५।१० मा पालिकालाई पत्राचार गरेको २०७८।०९।०५ मा सम्झौता गरेपनि ०७८।१२।१७ मा मात्र कार्यदेश दिएको २०७९।०५।०७ मा वनलाई रुख हटाइदिन अनुरोध गरेवाट निर्माण कार्यमा व्यवस्थापकीय कमजोरी देखिएको छ । लागत अनुमान भन्दा ३३.५ प्रतिशत कममा सम्झौता भएको उक्त निर्माण कार्य हालसम्म जग तयार गर्ने बाहेक अन्य कार्य हुन सकेको छैन । स्थलगत अवलोकन काममा ढीलाईको कारण हालसम्म Detail Design समेतको नक्सा नपाएको कारण निर्माण कार्य हुन नसकेको निर्माण व्यवसायीले मौखिक जवाफ दिएको छ । SDC इन्जिनियरिङ्ग service pvt. ltd. वाट DPR तयार गरी स्वीकृत भएको उक्त अस्पताल निर्माण नियमको उक्त व्यवस्था अनुसार साइट तयार नगरी ठेक्का लगाएको कारण निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका अनुसार काम सम्पन्न हुने देखिएन । तालिका अनुसार स्ट्रक्चरको काम सम्पन्न गरी brick machinery को काम गरिसक्नु पर्नेमा अवको १२ महिनामा निर्माण कार्य हुने स्थिति देखिदैन । यसरी निर्माण स्थल व्यवस्था नगरी ठेक्का स्वीकृत गरी कार्यदिश दिने पदाधिकारीलाई जिम्मेवार वनाई समयमा आवश्यक व्यवस्थापन गरी निर्माण सम्पन्न गर्नुपर्दछ । | |
| ६३.३ | | | **Side clearance खर्च**: साइटमा भएका रुख विरुवा लगायत अन्य सामाग्री हटाउने प्रयोग हुने सामाग्री मौज्दात व्यवस्थापन लगायत साइट क्लीरेयन्स आइटम BOQ को रु. १० हजार राखेकोमा २०७८।११।०५ मा निर्माण स्थलमा रहेका संरचनाहरु हटाउने रु.२० लाख ७७ हजारका लागत अनुमान स्वीकृत भई रु.२० लाख खर्च लेखेको छ । सम्बन्धित प्राविधिकले संरचना हटाउने कार्य ठेक्का सम्झौतामा नभएको सिफारिस गरेको आधारमा भुक्तानी भएको सो रकम BOQ को २.०१ मा प्रयोग हुन सक्ने सामान व्यवस्थापन गर्न समेत उल्लेख भएवाट गलत सिफारिस गर्ने प्राविधिकलाई जिम्मेवार वनाई सो रकम असुल गर्नुपर्ने रु. | २,०००,००० |
| ६३.४ | | | **जिन्सी संरक्षण:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम अनुसार कार्यालयमा जुनसुकै तवरवाट प्राप्त जिन्सी मालसामान सुरक्षा गरी सदुपयोग गर्ने जिम्मा सम्बन्धित कार्यालय प्रमुखलाई रहेको छ । भवन निर्माणका लागि पुरानो संरचना भत्काउदा निस्किएका पुन: प्रयोग हुने काठको कडी, झ्याल, ढोका लगायत काठहरु, जस्तापाता, फलामे पाईप, इट्टा जस्ता सामानहरु सुरक्षित राख्न नगरपालिकाले वडालाई पत्र पठाएको भएपनि सो सामानहरु जिन्सी दाखिला तथा लिलाम भएको छैन । पालिकाले लिलाम सूचना निकाले पनि विक्री नभएको मौखिक जानकारी दिएपनि उक्त सामानहरु आम्दानीमा नदेखिएकोले सामानको यथार्थ अवस्था एकीन हुने आवश्यक प्रमाण पेस गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.५ | | | **प्रोभिज्नल आइटम**: वीमा प्रिमियम भुक्तानीको रु. ५ लाख ४० हजार र project signboard रु. १० हजार प्रोभिज्नल सममा राखेको तर साइटमा सो कार्य भएको देखिएन । सम्झौतामा उल्लेख भए अनुसार ठेक्का रकमको ११५ प्रतिशत खाम्ने गरी वीमा भएको प्रमाण पेस गरी सार्वजनिक सूचना समेतका लागि project signboard राख्नुपर्दछ । | |
| ६४ | | | **ठेक्का फरफारकः**<br>:<br>पालिका भित्रका सडक मर्मत गर्न निर्माण व्यवसायी द्रोण विल्डर्स ग्रुप अफ कम्पनीसँग विभिन्न स्थानको प्याचहोल मर्मत कार्यका लागि रु.१,४२,८५,३३१।४५ मा २०७९।३।२० सम्म सम्पन्न गर्ने गरी २०७९।०२।२७ मा संम्झौता भएको देखियो । उक्त कार्य हालसम्म ( २०७९ कार्तिक) सम्पन्न पनि नभएको र म्याद पनि थप नभएको पेश्की जमानत समेत समाप्त भएको छ । यसरी विभिन्न स्थानमा काम गर्न संम्झौता गरेकोमा स्थान पहिचान गर्न नपुग्ने समयअवधी दिई ठेक्का स्वीकृत गर्ने र संम्झौता गर्ने निर्माण व्यवसायी समेतलाई जिम्मेवार वनाई उक्त निर्माण व्यवसायीलाई पेश्कीको ब्याजसमेत गणना गरी खरिद नियमावलीको नियम ११३(६) अनुसार पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल गरी ठेक्का संम्झौता फरफारक गनर्पर्ने रु. | ७३२,५४१ |
| ६५ | | | **कर्मचारी दरवन्दीः**<br>पालिकामा आवश्यकताको आधारमा दरवन्दी स्वीकृत गरी सोही वमोजिम पदपुर्ती गर्नुपर्दछ । पालिकामा कार्यरत जनशक्ति एकिन नगरी भर्ना तथा पदस्थापना गरेको देखिएकोले कार्यलयको आवश्यकता भन्दा वढी नै कर्मचारी नियुक्त गरी भुक्तानी गरेको छ । पालिकामा कार्यरत कर्मचारीको विवरण माग गर्दा पालिकाले पटक पटक थप घट तथा अन्यत्रवाट सरुवा भई आउने नियमित भएको तथा नयाँ सरुवा भई आउने जनशक्तिको तलव भत्ता छुट भएको भनि अघि पछि गरी दिने गरेकोले पालिकावाट तलव भत्ता खाने कर्मचारीको विवरण दिन नसकिने जनाएको छ । नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ मा दरवन्दी अध्ययन तथा कार्यान्वयन ( O & M ) परामर्श सेवादाता उज्यालो नेपाल प्रा.लि.वाट गराई रु.४,९७,०००/- भुक्तानी गरेकोमा हालसम्म पनि स्वीकृत गरेको छैन । दरवन्दी संरचना स्वीकृत नभएको तथा कर्मचारी थपघट भैरहने भएकोले पालिकाले के कति कुन पदमा कर्मचारी राख्न पाउने वा कर्मचारी राखेको हो सोको एकीन गरेको देखिएन । | |
| ६६ | | | **स्याउली बजार शिव मा वि सडक खण्ड पक्की नाला निर्माणः**<br>पालिकाले स्याउली बजार शिव मा वि सडक खण्ड पक्की नाला निर्माण गर्न लागत अनुमान रु.९४,७६,०९५।०० भएको निर्माण कार्यमा लागत सहभागिता रु.१२,५३,५३९।६९ हुने गरि उपभोक्ता समिति मार्फत गराएको छ। सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ६६.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को ३ (क१) मा साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको कार्यको प्रत्येक इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान छुट्याइ सम्झौता गर्नुपर्दछ । पालिकाले लागत अनुमान रु.९४,७६,०९५।- भएको निर्माण कार्यमा उपभोक्ता समितिले व्यहोर्ने एकमुष्ठ रकम मात्र उल्लेख गरी सम्झौता गरेको देखिएकोले उपभोक्ता समितिले व्यहोर्ने रकम वास्तविक कार्य नभई सव-कन्ट्याक्टमा निर्माण व्यवसायीवाट गराएकोले घटीमा कार्य भई लाभग्राही सामुदायको योगदान भएको देखिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को ४ अनुसार निर्माण कार्यको भुक्तानी गर्दा जनसहभागितको अंश कट्टा गरी भुक्तानी गर्नुपर्दछ । पालिकाले लाभग्राही सामुदायवाट स्याउली बजार शिव मा. वि. सडक खण्ड पक्की नाला निर्माण गर्ने गरी सम्झौता भएकोमा लाभग्राही सामुदायले उक्त कार्य निर्माण व्यवसायी एन.एन.जे. निर्माण सेवासँग कार्य गराएको विल पेश भएको छ । उक्त कार्यको लागि निर्माण व्यवसायीले रु.७३,७०,०८१।- को विल पेस भएकोले उक्त कार्य लाभग्राही सामुदायले घटीमा कार्य गराएको देखिन्छ । निर्माण व्यवसायीले पेस गरेको विलको आधारमा लाभग्राही सामदायको जनसहभागीताको अंश कट्टा गरी भुक्तानी हुनुपर्दछ । सम्झौता अनुसार कुल लागतको ८६ प्रतिशत पालिकाले व्यहोर्ने सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार भएको कार्यमा सम्पूर्ण कार्य निर्माण व्यवसायीले नै गरेको देखिएकोले रु.७३,७०,०८१।- को पालिकाले रु.६३,३८,२६९।६६ भुक्तानी हुनुपर्नेमा रु.८१,८८,२५३।- भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.१८,४९,९८३।३४ लाभग्राही सामुदायवाट असुल हुनुपर्ने रु. | १,८४९,९८३ |
| ६७ | | | **पूर्व निर्धारित क्षतिपुर्तीः** | |
| ६७.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ को वमोजिम निर्माण व्यवसायको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ । पालिकामा हाइ मास्ट लाइट टावर निर्माण गर्न निर्माण व्यवायीसँग कोवाल्ट इन्टरनेशनल प्रा.ली.(६०६५१३३४४)संग रु.६९,९४,२३९।- को मिति २०७८।३।८ मा सम्झौता गरी निर्माण कार्य गराएकोमा उक्त कार्यको कार्य सम्पन्नको जानकारी गराएको पत्र पेस नभएको तथा ११ नं वडा कार्यालयले वत्ति वलेको जानकारी मिति २०७८।८।८ मा पत्र पठाएको तथा सप्लायर्सले २०७८।८।१० को वीजक पेश गरेकोले तोकिएको समय भन्दा ५० दिन ढिलो कार्य सम्पन्न भएको देखिएकोले पूर्व निर्धारित क्षतिपूर्ती वापत रु.१,७४,८५५।- असुल हुनुपर्ने रु. | १७४,८५५ |
| ६७.२ | ६७९ | २०७९-३-१४ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को वमोजिम निर्माण व्यवसायको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ । पालिकामा भानुमार्ग टोलको सडक स्तरोन्नती गर्न निर्माण व्यवसायी अशोक निर्माण सेवासँग रु.१७,९८,१५७।- को मिति २०७८।९।५ मा सम्झौता भई मिति २०७८।१२।३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा उक्त कार्य सम्पन्न गरी निर्माण व्यवसायीले विल २०७९।३।१४ मा पेस गरेको देखियो । निर्माण व्यवसायीले म्याद थप माग गरेको तथा पालिकाले म्याद थप गरेको पत्र पेस भएको नदेखिएकोले ७४ दिन ढिलो कार्य सम्पन्न भएकोले पूर्व निर्धारित क्षतिपुर्ती वापत रु.६६,५३१।- असुल हुनुपर्ने रु. | ६६,५३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | ६७९ | २०७९-३-१४ | **म्याद थपः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ को वमोजिम निर्माण व्यवसायको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई दैनिक शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ । पालिकामा टेम्पो पार्क देखि भुरेली जानेसडक निर्माण गर्न निर्माण व्यवसायी अशोक निर्माण सेवासँग मूल्य अभिवृद्धि कर वाहेक रु.५४,५५,२०२।- को मिति २०७८।९।५ मा सम्झौता गरेकोमा मिति २०७८।१२।३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश भई उक्त कार्य सम्पन्न गरी निर्माण व्यवसायीले प्रथम रनिङ्ग विल २०७९।३।१२ मा रु.२८,०६,७५७।- पेस गरेको छ भने उक्त कार्यको निर्माण व्यवसायीले तोकिएको समयसीमा भित्र म्याद थपको माग गरेको नदेखिएकोले नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने गरी कार्य सम्पन्न गर्नुपर्ने रु | ५४,५५२ |
| ६९ | | | **स्थानीय प्रशासकीय भवन निर्माणः**<br>पालिका सञ्चालनका लागि भवन निर्माण गर्न मूल्य अभिवृद्धि कर तथा प्रोभिजनल सम बाहेक रु. १४ करोड ३६ लाख ५२ हजारको लागत अनुमान तयार गरी वोलपत्र (NCB/०७७/७८/W/१३) भएकोमा सवैभन्दा न्यून सारभुत प्रभावकारी निर्माण व्यवसायी नेपाल पब्लिक/सर्मिला जे भी सँग मूल्य अभिवृद्धि कर बाहेक रु. ९,४२,६६,९१६। मा २७ महिना भित्र कार्य सम्पन्न गर्न २०७८।१२।२५ मा सम्झौता गरी रु. ९४ लाख २६ हजार पेश्की दिएको छ। भवन निर्माण सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार छन् । | |
| ६९.१ | | | **निर्माण स्थलः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) १ अनुसार सार्वजनिक निकायले खरिद गर्ने, खरिद गर्ने मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि नक्सा डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनु पर्ने तथा नियम ६(३) अनुसार निर्माण स्थलको व्यवस्था नभई खरिद कार्य गर्न नहुने व्यवस्था छ । पालिकाले साविक नेपाल स्काउट रहेको स्थानमा भवन निर्माण गर्ने गरी नक्सा तयार गरी बोलपत्र प्रक्रिया अगाडि बढाएकोमा २०७८।११।२९ मा बोलपत्र स्वीकृत गरी संम्झौता गर्न आउने पत्र पठाएकोमा नगर विकास समितिको २०७८।११।२३ को वैठकबाट नेपाल स्काउटलाई अन्यत्र सारी फिल्ड ल्पान एरियाको २ नं प्लाण्टको १५५२.५ वर्गमिटर जग्गा नगरपालिकालाई भोगाधिकार दिने निर्माण भएको देखियो । नेपाल स्काउट, डेरी फर्म, नास्ता पसल भएपनि निर्माण स्थल खाली नभएको अवस्थामा नै ०७८।१२।२५ मा निर्माण कार्यदेश दिएको देखिन्छ । निर्माण स्थल तयार नगरी ठेक्का संम्झौता भएबाट खाली गराउन समय लागेको कारण निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुने अवस्था देखिएन । नियमको उक्त व्यवस्था पालना नगरी नक्सा डिजाइन तयार गर्ने एवं ठेक्का स्वीकृत गर्ने पादधिकारीलाई जिम्मेवार वनाई जग्गा स्वामित्व पालिकाको बनाई समयमा निर्माण सम्पन्न गर्ने आवश्यक पहल गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.२ | | | **स्ट्रक्चरल डिजाइनः** भवनको स्ट्रक्चर जमिनको उपलब्धता र निकायको आवश्यकता अनुसार प्राविधिक दृष्टिकोणले उपयुक्त गुणस्तरयुक्त हुनेगरी तयार गर्नुपर्नेमा डिजाइन सी आकारमा तयार गरेको कारण भवनको पिल्लर एवं विमको संख्या साइज तथा आकार फरक पारी लागत बढ्न जाने, कोठाको आकार तथा चौकुना मिलि इन्टरियर डिजाइनमा समेत असर पर्ने अवस्था छ । जग्गाको अवस्थिति अनुसार भवन स्ट्रक्चर तयार नभएकोले जग्गाको दुवै साइट उपभोग नहुने स्थिति देखियो । पार्किङ्कको इन आउट एकै तर्फ डिजाइन गरेको कारण सवारी साधन पार्किङ्गको लागि छुटाएको स्थान उपभोग गर्न सहज देखिदैन । भुइतलाको पछाडि १ तल्ले तालिम तथा सभाहल भवनको बाहिर परेको कारण थप पिल्लर तथा आर.सि.सि. खर्च बढ्न गएको अवस्था छ । भवनको स्ट्रक्चरमा लिफ्ट सहित स्पेश राखि स्ट्रक्चर डिजाइन गरेपनि लिफ्टको काम समावेश नगरेबाट लिफ्टको फिटिङ्गको पुन खरिद प्रक्रियामा जानुपर्ने अवस्था छ । उपलब्ध जग्गाको प्रभावकारी उपयोग र पालिकाको आवश्यकता सामञ्जस्यता नहुने गरी डिजाइन तयार एवं स्वीकृत गर्ने पदाधिकारी जिम्मेवार वनाउनुपर्ने देखिन्छ । | |
| ६९.३ | | | **कार्यतालिकाः** निर्माण कार्यको संम्झौता अगावै तोकिएको अवधिमा कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य तालिका पेस गर्नुपर्ने साथै निर्माण व्यवसायीसँग भएको संम्झौताको सामान्य शर्त मा प्रत्येक ९० दिनमा प्रगति सहितको संशोधित कार्यतालिका पेस नगरेमा रु.१ लाख रोक्का राख्नुपर्ने व्यवस्था भएकोमा निर्माण व्यवसायीले हालसम्म कार्य तालिका पेस गरेको छैन । संम्झौता भएको २७ महिनामा सम्पन्न गर्नुपर्ने उक्त निर्माण कार्य संम्झौताको ६ महिना वितिसक्दा समेत जग खन्ने काम बाहेक कुनै कार्य अगाडि बढेको देखिएन । कार्यतालिका पेस नभएकोले कार्य प्रगति मूल्याङ्कन हुन सकेन । संम्झौता अनुसार कार्यतालिका पेस गराई निर्माण कार्यको प्रगति हासिल गर्नुपर्दछ । | |
| ६९.४ | | | **मूल्य समायोजनः** सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरी जारी स्ट्याण्डर्ड बिडिङ्ग डकुमेण्टमा पेश्की, मूल्य समायोजन लगायत व्यवस्था गरेको छ । नमूना कागजातको सम्झौताको साधारण शर्तहरु (जनरल कण्डिशन अफ कन्ट्रयाक्ट)मा संझौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने साथै २५ प्रतिशतसम्म मूल्य समायोजन दिन सक्नेगरी संझौता भएको देखियो । सार्वजनिक निर्माण गर्ने बिभिन्न निकायहरुले बिशेष शर्त(स्पेशल कण्डिशन अफ कन्ट्रयाक्ट)मा पेश्की कटाएपछि हुने बिल रकममा मुल्य समायोजन गर्ने व्यवस्था गरेको भएता पनि पालिकाले पेश्की कटाउनु अधिको इण्टरिम पेमेण्ट सर्टिफिकेट(विल रकममा)मा मुल्य समायोजन दिनेगरी संझौता गरेकोले पेश्की रकम रु.१ करोड ८८ लाख ५२ हजार परिचालनबाट खरिद भएको सामानमा समेत मूल्य समायोजन भुक्तानी भई थप व्ययभार हुने अवस्था छ । त्यस्तै समायोजन घाताङ्कको भार दिंदा निर्माण सामाग्रीमा अत्याधिक भार(६० देखि ६५ प्रतिशत) दिएको कारण बढी उतारचढाव हुने कृयाकलापको भार समेत बढी हुन गएको अवस्था छ । निकायलाई बढी व्ययभार हुनेगरी कागजात तयार गर्ने प्रविधिकलाई जिम्मेवार बनाई पेश्की कटाई बाँकी रहेको रकममा मात्र मूल्य समायोजन गणना गरी भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.५ | | | **मूल्य समायोजन भार** : निर्माण कार्यमा मुल्य समायोजन दिने प्रयोजनको लागि Index Description मा ०.१५ प्रतिशत नन एडजस्टेवल राखी श्रमिक, सामाग्री र इक्युपमेन्टलाई वेटेज दिएर ०.८५ प्रतिशत कायम गरेको व्यहोरा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको वोलपत्रको नमुनाको दफा ५३.१ मा रहेको छ । निर्मित संरचनामा प्रयोग हुने उपकरणले पार्ने सामान्य फरक बाहेक ज्यालामा ३०, निर्माण सामग्रीमा ४० र उपकरणमा १५ प्रतिशतसम्म गणना गर्ने गरी भार दिने, कामको वास्तविक अवस्थाबाट निर्माण व्यावसायीले आवश्यकता अनुसार पुष्टाई सहित भार परिवर्तन गर्ने अन्तराष्ट्रिय असल अभ्यास समेत रहेको छ । सार्वजनिक निर्माण गर्ने बिभिन्न निकायहरुले बिशेष शर्त(स्पेशल कण्डिशन अफ कन्ट्रयाक्ट)मा पेश्की कटाएपछि हुने बिल रकममा मुल्य समायोजन गर्ने व्यवस्था गरेको भएता पनि पालिकाले पेश्की कटाउनु अधिको इण्टरिम पेमेण्ट सर्टिफिकेट(विल रकममा)मा मूल्य समायोजन दिनेगरी संझौता गरेकोले पेश्की रकम रु.१ करोड ८८ लाख ५२ हजार परिचालनबाट खरिद भएको सामानमा समेत मूल्य समायोजन भुक्तानी भई थप व्ययभार हुने अवस्था छ । त्यस्तै समायोजन घाताङ्कको भार दिंदा निर्माण सामाग्रीमा अत्याधिक भार(६० देखि ६५ प्रतिशत) दिएको कारण बढी उतारचढाव हुने कृयाकलापको भार समेत बढी हुन गएको अवस्था छ । असल अभ्यासका आधारमा रेन्ज तोकेर वास्तविकताको आधारमा मुल्य समायोजन गर्ने व्यवस्था मिलाउनुका साथै निकायलाई बढी व्ययभार हुनेगरी कागजात तयार गर्ने प्रविधिकलाई जिम्मेवार बनाई पेश्की कटाई बाँकी रहेको रकममा मात्र मूल्य समायोजन गणना गरी भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ । | |
| ६९.६ | | | **वीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) बमोजिम रु.२० लाख भन्दा बढीको निर्माण कार्यमा बीमा गर्नु पर्ने व्यवस्था गरे अनुरुप तयार गरीएको स्ट्याण्डर्ड बिडिङ्ग डकुमेण्टको सामान्य शर्त १४.१ मा ठेक्का रकमको ११० प्रतिशत बीमा गर्नेगरी सम्झौता भएपनि हालसम्म बीमा गरेको प्रमाण पेस गरेको देखिएन । संझौता बमोजिम बीमा गरी निर्माण कार्यमा आइपर्ने जोखिमको सुरक्षामा ध्यान दिनुपर्दछ । | |
| ६९.७ | | | **जेनेरल आइटमः** निर्माण कार्यको लागत बढ्ने गरी जेनेरल आइटम अन्तर्गत लेटेष्ट मोडल आई ७ ल्यापटप रु. ५० हजार र मोटरसाइकल १ थान खरिदका लागि रु. १ लाख ५० हजार गरी रु.२ लाख लागत थप हुने गरी BOQ तयार गरी सोही अनुसार संम्झौता भएको देखिएकोले सव-आइटम भुक्तानी दिन मिल्ने देखिदैन । लागत अनुमान तयार गर्दा योजना लागत बढाउने प्राविधिकलाई जिम्मेवार बनाई यस्तो कार्य नियन्त्रण हुनुपर्दछ। | |
| ६९.८ | | | **पावर व्याकअपः** आधुनिक सुविधा युक्त उक्त भवनको विद्युतिकरणको विस्तृत विवरण खुल्ने गरी नक्सा तयार गरी संलग्न नगरेको कारण विद्युतीकरण कार्य अवस्था यकिन गर्ने अवस्था छैन । उक्त भवनमा सोलार जेनेटर लगायत पावर व्याकप, ए.सी. जडान लगायतको वाइरिङ्ग समावेश भए नभएको समेत विस्तृत नक्सामा देखिदैन । सेनीटेशन कार्यको समेत विस्तृत विवरण सहितको नक्सा समावेश नभएकोले परामर्शदाता मुनलाइट कन्सल्टेन्टलाई समेत जिम्मेवार वनाई भवनको सेनीटेशन तथा विद्युतीकरण कार्यमा थप अध्ययन र आवश्यकता एकिन गरेर मात्र निर्माण कार्य अगाडि बढाउन उपयुक्त देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.९ | | | **डण्डीको नर्म्स:** भवन विभागबाट स्वीकृत नर्म्स अनुसार प्रति घनमिटर आरसिसि कार्यमा १.१० के.जी. डण्डी लाग्नेमा लागत अनुमानमा डण्डी बिम र पिल्लर साइज अनुसार डण्डीको विश्लेषण नगरी स्ट्रक्चरको प्रतिशतका आधारमा ३२० मेक्ट्रिटन डण्डी विओक्यूमा समावेश गरेको छ । कार्यालय प्रयोजनको लागि तयार हुने उक्त भवनको नर्म्स विश्लेषमा गरेर तौल गणना गरेर मात्र परिमाण एकिन एवं भुक्तानी गर्नुपर्दछ । | |
| ६९.१० | | | **गुणस्तर आश्वस्तता:** निर्माण व्यवसायीसँग भएको संम्झौताको सामान्य शर्तमा निर्माण कार्यको गुणस्तर कायम गर्नका लागि कार्यमा प्रयोग गुणस्तर कायम गर्नका लागि निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्री गुणस्तरीय भए नभएको लगायत निर्माण भएको आरसिसि समेतको गुणस्तर परीक्षण गर्ने कर्तव्य निर्माण व्यवसायीको हुने उल्लेख भएकोमा उक्त योजना (QAP) पेस भएको देखिएन । गुणस्तरीय निर्माण कार्यका लागि क्वाप पेस गर्न लगाई गुणस्तर आस्वस्थता कायम गर्न निकायको ध्यान जानुपर्दछ। | |
| ६९.११ | | | **पेश्की रकमको प्रयोजन**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेश्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क (६) मा रहेको छ । पालिकाले गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ७० | | | **समानीकरण पूँजिगत:** | |
| ७०.१ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति कट्टी गरेको हो सोको अभिलेख राखेको देखिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७०.२ | | | **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन। | |
| ७०.३ | | | **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रर्वधन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ७०.४ | | | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ७१ | | | **चादनी चोक हुदै शन्तेडाँडा जाने सडकः**<br>चादनी चोक हुदै शन्तेडाँडा जाने सडक निर्माण उपभोक्ता समितिले कूल रु. २१,१४,१००।- को कार्य सम्पन्न गरी कर तथा कन्टीजेन्सी कटाई रु. ५०,८०,५४३।- भुक्तानी लिएकोमा लेकवेशी निर्माण सेवालाई रु.२,५६,७२४।- मूल्य अभिवृद्धि कर समेत रु. २२,३१,५२४।- को बिल संलग्न गरेको छ । पालिकाबाट लिएको भन्दा बढी रकमको बिल संलग्न भएबाट खर्चको विश्वसनीयता पुष्टी बिल भरपाईले गर्दैन । | |
| ७२ | ५२६ | | **तुलेडाडा सडक निर्माणः**<br>तुलेडाडा सडक निर्माण कार्य गर्न उपभोक्ता समितिमार्फत कार्य गराएकोमा उक्त योजनामा Hard Rock & Soft Rock cutting को परिमाण क्रमश २७१० र १०८४० घन मिटर भुक्तानी भएको साथै पेस भएको फोटोमा ग्याबियन भर्ने र Rock cutting गर्ने एकै स्थान भएको तथा cutting भएको ढूंगा नै प्रयोग भएको देखिएकोले योजनाको ग्याबियनको भुक्तानी गर्दा ढुंगा वाहेकको अन्य ग्याबियन जाली तथा ज्यामीको मात्र भुक्तानी गर्नुपर्नेमा २*१*१ को जाली ३५ थानको ७० घ.मी. तथा dry stone masonary work को १३४ घ.मी. गरी कुल १९८ घ.मी. को १० प्रतिशत थप समेत २१७ घ.मी. को रु.१,८००. ले रु.३,९२,०४०।- थप भुक्तानी भएको देखिएकोले उक्त रकम नाँपजाच गर्नेवाट असुल हुनुपर्ने रु. | ३९२,०४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७३ | १६९ | २०७८-९-८ | **अनुपातिक कट्टिः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम लाभग्राहीसँग भएको निर्माण कार्यको सम्झौता वमोजिम भुक्तानी गर्दा नापी किताव तथा वास्तविक कार्यको मुल्यांकन गरी भुक्तानी गर्नुपर्दछ । भक्त बहादुर गुरुङ्गको घर देखि पश्चिम नालासम्म वाटो निर्माण गर्न लागत अनुमान रु.१७,९७,७७०।- भएको निर्माण कार्यको लाभग्राही सामुदायले रु.२,६१,७८१।- व्यहोर्ने गरी सम्झौता देखिन्छ । उक्त कार्यको भुक्तानी गर्दा पेस भएको नापी अनुसार ज्यालामा रु.३,१९,४१०।- तथा सामग्री खरिदमा रु.५,६२,१८९।- गरी कुल रु.८,८१,५९९।- खर्च भएकोमा सम्झौता वमोजिम अनुपातिक कट्टा गरी रु.७५८१७५।- भुक्तानी गर्नुपर्नेमा प्राविधिकले रु.९,४६,२९०।- मुल्यांङ्कन गरी रु.८,४२,१८६।- भुक्तानी गरेकोले अनुपातिक भन्दा रु.८४,०१०।- वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ८४,०१० |
| ७४ | | | **डिप बोरिङ निर्माणः**<br>पालिकाले ५ स्थानमा डिप बोरिङ्ग तयार गर्न लागत अनुमान रु.४८,२०,०७७।- भएको कार्यमा पालिकाले रु.४३,२०,०००।- तथा उपभोक्ताले रु.५,००,०७६।- व्यहोर्ने गरी डिप बोरिङ सिंचाई समितिसँग सम्झौता गरि कार्य गरेकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन। | |
| ७४.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम १ मा उपभोक्ता निर्माण कार्य वा सो सोसँग सम्वन्धित सेवा लाभग्राही समुदायसँग गर्न सकिने तर उपनियम ९ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा भारी मेसिनहरु प्रयोग गर्न नसकिने तथा उपनियम १० मा समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कार्य गरी पालिकामा पेस भएको विल अनुसार उपभोक्ता समितिले निर्माण व्यवसायी बाली ड्रिलिङ्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.ले बोरिङ्ग गरे वापत रु.४०,१३,७५२।- तथा पाइप खरिद गरी न्यू ज्वाला ट्रेड एण्ड अर्डर सप्लायर्सलाई रु.७,२६,३३८।९९ भुक्तानी गरेको विल पेस गरेको देखिएकोले उक्त कार्य पालिकाले खुल्ला बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा उपभोक्ता समितिमार्फत निर्माण व्यवसायीबाट गराएको देखिएकोले उपभोक्ता समितिले सव-कन्ट्याक्टवाट कार्य गराएको नियमसम्मत नदेखिएको रु. | ४,३२०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४.२ | | | **स्थलगत अनुगमनः** लेखापरीक्षणको क्रममा स्थलगत अनुगमन गर्दा निर्माण भएको डिप बोरिङ्ग मध्ये एक वटा स्वास्थ्य केन्द्रमा निर्माण भएको बोरिङ्गको हालसम्म पनि प्रयोग भएको देखिएन। उक्त बोरिङ्गको पानी स्टोर गर्ने ट्यांकी तथा वितरण सम्वन्धी कुनै पनि योजना तथा कार्य भएको देखिएन । आवश्यकता पहिचान नगरी निर्माण कार्य गरी अलपत्र हुनेगरी कार्य गराउन निर्णय गर्ने तथा सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउई उक्त वोरिङ्ग सञ्चालन गरी लगानी सदुपयोग गर्नुपर्दछ।  | |
| ७५ | | | **उपभोक्ता समितिबाट कामः** | |
| ७५.१ | | | **लागत सहभागिता** : पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिकोतर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५.२ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेस गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ७५.३ | | | **हेभी इक्विपमेण्टको प्रयोग** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेसिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ७५.४ | | | शहिद स्मृति दोल देखि जे.पी. स्कूलसम्मको सडक सुधारमा रु. १५ लाख भुक्तानी गरेकोमा प्राविधिक ड्रइङ्ग अनुसार कल्भर्ट निर्माण गर्ने संम्झौता भएकोमा प्राविधिक बिलमा ३४४ किलो डण्डी खर्च देखाएकोमा उपभोक्ताले सो डण्डीको बिल पेस गरेको छैन भने प्राविधिकले ड्रइङ्ग लगायत आवश्यक पूष्टी हुने कागज संलग्न गरेका छैन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>भ्रमण खर्चः<br>भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>वृत्त चित्र निर्माणः<br>पालिकाले यस क्षेत्रको प्रर्वद्धन र विकास निर्माणका क्षेत्रहरु समेट्ने उद्देश्य जनाई वृत्त चित्र निर्माण गरेकोमा वृत्तचित्रमा कुन कुन विषयवस्तु कति समयको रहनेगरी समेट्ने हो सो अनुसार लागत अनुमान तयार गरेको छै न। वृत्तिचित्रको कानुनी स्वमित्व पालिकाको रहने गरी सर्वाधिकार समेत पालिकाले लिएको देखिदैन । साथै वृत्तचित्रलाई पालिकाले आफ्नो वेभसाइटमा प्रकाशन नगरेको तथा जिन्सी खातामा दाखिला नगरेकोले सो को औचित्य समेत पुष्टि हुने आधार नदेखिएकोले अनियमित भएको रु.<br><table><tr><th>गोश्वरा भौचर/मिति</th><th>निर्माण कर्ता</th><th>खर्च रकम</th></tr><tr><td>५९३-०७८/०९/०४</td><td>संकल्प मिडिया प्रा.ली.</td><td>३५००००</td></tr><tr><td>१४७१-०७९/०१/११</td><td>उज्यालो नेपाल प्रा.ली.</td><td>३९९९९९</td></tr><tr><td></td><td>जम्मा</td><td>७४९९९९</td></tr></table></td><td>७४९,९९९</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>स्थानिय तथा मंहगि भत्ताः</td><td>८१४,४८२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा पेस गरेको छ । पालिकाले देहायबमोजिम करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महंगी भत्ता, फिल्ड भत्ता र स्थानीय भत्ता दिने सम्बन्धमा कुनै कानुनी व्यवस्था नभएकोले असुल गरी दाखिला गर्नेपर्ने रु. | |

| सि.नं. | कर्मचारी | मंहगि भत्ता | स्थानिय भत्ता | जम्मा |
|---|---|---|---|---|
| | हरि के.सी. | २४००० | २२७९४ | ४६७९४ |
| | मोहन कार्कि | २४००० | १७१६६ | ४११६६ |
| | दिपक ढकाल | २४००० | १७१६६ | ४११६६ |
| | भुपेन्द्र बहादुर अधिकारी | २४००० | १७१६६ | ४११६६ |
| | चुडामणी भट्टराई | २४००० | १७१६६ | ४११६६ |
| | पुष्कर खड्का | २४००० | १८१२० | ४२१२० |
| | लक्ष्मीकान्त पन्त | २४००० | १७१६६ | ४११६६ |
| | हदय कुमार आले | २४००० | १७१६६ | ४११६६ |
| | डिल बहादुर चपाई | २४००० | १७१६६ | ४११६६ |
| | हेमा कुमारी सुवेदी | २४००० | १७१६६ | ४११६६ |
| | निर्मला भट्टराई | २४००० | १८१२० | ४२१२० |
| | ज्योति के. सी. | २४००० | १८१२० | ४२१२० |
| | भुवन सिंह हमाल | २४००० | | २४००० |
| | तुल्सी खरेल | २४००० | | २४००० |
| | हरी पौडेल | २४००० | | २४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | धनविर रोकाय | २४००० | | २४००० | | |
| | | | | | वविलाल सार्कि | २४००० | | २४००० | | |
| | | | | | गोविन्द प्रसाद खराल | २४००० | | २४००० | | |
| | | | | | पवन गौतम | २४००० | | २४००० | | |
| | | | | | गोविन्द प्रसाद सापकोटा | २४००० | | २४००० | | |
| | | | | | राम बहादुर सोति मगर | २४००० | | २४००० | | |
| | | | | | चन्द्र बहादुर थापा | २४००० | | २४००० | | |
| | | | | | सुन्दर प्रताप वाल्मिकि | २४००० | | २४००० | | |
| | | | | | रमा वाल्मिकी भौंगि | २४००० | | २४००० | | |
| | | | | | विनोद बहादुर खड्का | २४००० | | २४००० | | |
| | | | | | **जम्मा** | **६०००००** | **२१४४८२** | **८१४४८२** | | |
| ७९ | | | **सामाजिक परिचालकः**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालककारुपमा नियुक्त नगर्ने उल्लेख छ। स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले नगरसभावाट निर्णय गराएर कार्य गर्न नमिल्ने अवस्था रहेको छ। पालिकाले यस वर्ष २ जना वरिष्ठ सामाजिक परिचालक र २८ जना सामाजिक परिचालकलाई मासिक रु. ३०,२००। र रु. २२,०००। का दरले रु. ९०,९३,२००।- भुक्तानी गरेको छ। नगपालिकामा दरवन्दी नभएको सामाजिक परिचालक राखी खर्च गर्नु नियमसम्मत देखिदैन । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८० | | | **युनिसेफ कार्यक्रम सञ्चालन नर्म्सः**<br>स्वीकृत कार्यक्रम अनुसार तालिम सञ्चालन गर्दा कार्यक्रमको नर्म्स वनाई स्वीकृत नर्म्स अनुसार खर्च गर्नुपर्नेमा युनिसेफ नेपालले पालिका मार्फत स्वास्थ्य महिला बालबालिका, सार्वजनिक बिच व्यवस्थापन जस्ता सीप अभिवृद्धि तालिम सञ्चालन गरेकोमा कार्यसञ्चालन नर्म्समा एकरुपता देखिएन । एउटै निकायको बजेटबाट सञ्चालित कार्यक्रममा सार्वजनिक वित्त व्यवस्थापन तालिममा प्रति सहभागी यातायात खर्च प्रतिदिन रु.१,५००।- तथा प्रशिक्षक भत्ता रु. ७,५००।- दरले खर्च लेखेको छ । त्यस्तै ४ दिने आधारभुत खोप तालिम कार्यक्रममा प्रतिदिन रु.२ हजार सहजकर्ता भत्ता र प्रतिदिन रु.७००।- दैनिक भत्ता र रु.४००।- यातायात खर्च वितरण गरेको छ । त्यस्तै बालवालिका सम्बन्धी तालिममा प्रति सेशन रु.२,५००।- का दरले सहजकर्तालाई भुक्तानी गरेको छ । सबै तालिमको सामाग्रीमा पनि एकरुपता देखिएन । नर्म्समा एकरुपता हुनेगरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा स्पष्टता नरहेको कारण तालिम कार्यक्रममा भएको खर्च नियमित मान्न सकिएन । तालिम खर्च सम्बन्धमा स्पष्ट नर्म्स बनाई मितव्यायी र प्रभावकारी ढंगले खर्च गरी खर्चको प्रभावकारिता अभिवृद्धि गर्नेतर्फ निकायको ध्यान जानुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>

**सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार रु.७,४७,५१२।- को सोझै खरिद गरेको देखिएकोले प्याकेज बनाई प्रतिस्पर्धि विधिबाट खरिद कार्य गर्नुपर्दछ।

<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विवरण</th><th>आपूर्तिकर्ता</th><th>बिलरकम</th></tr>
<tr><td>१८९-०७८।६।१९</td><td>ल्यापटप खरिद</td><td>अल्फा ब्रदर्श</td><td>७००६०</td></tr>
<tr><td>३९०-०७८।७।२५</td><td>प्रिन्टर, डेस्टप खरिद</td><td>निशा कम्प्युटर सप्लायर्स</td><td>७९६६५</td></tr>
<tr><td>५०९-०७८।०८।२०</td><td>ल्यापटप, प्रिन्टर खरिद</td><td>अल्फा ब्रदर्श</td><td>१३३९९९</td></tr>
<tr><td>५७७-०७८।८।२७</td><td>फोटोकपि मेशिन</td><td>दिपशिखा इन्टरनेशनल</td><td>५८०८२</td></tr>
<tr><td>९८३-०७८।११।०८</td><td>ल्यापटप खरिद</td><td>दिपशिखा इन्टरनेशनल</td><td>१५२४३७</td></tr>
<tr><td>१६२४-२०७९।१।२५</td><td>ल्यापटप खरिद</td><td>दिपशिखा इन्टरनेशनल</td><td>९८१२०</td></tr>
<tr><td>१८९५-०७९।३।७</td><td>ल्यापटप खरिद</td><td>जी.एस.. कम्प्युटर</td><td>१५५१४९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७४७५१२</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>

**मूल्य अभिबृद्धि कर कट्टा नगरेकोः**

मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७८।२।१५ मा भएको संशोधनबाट थप भएको नियम ६ग मा ठेक्का वा करार अन्तरगत वस्तु वा सेवा आपूर्ति वापतको कर भुक्तानी गर्दा आर्थिक अध्यदेश २०७८ मा २०७८/२/१५ देखि ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष ठेक्का वा करारको रकम रु. ५८,८३,२२१।- भुक्तानी गर्दा रु. ७,६४,८१९।- मूल्य अभिबृद्धि करको रु. २,२९,४४६।- कट्टा नगरी भुक्तानी गरेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु...

<table>
<tr><th>भौ .नं/मिति</th><th>कामकोविवर</th><th>परामर्शदाता/मूल्य अभिवृद्धिकरनम्बर</th><th>बिजक नं. /</th><th>भुक्तानी बिल रकम (मूल्य</th><th>मूल्य</th><th>३०</th></tr>
</table>

</td><td>२२९,४४६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ण | | मिति | अभिवृद्धिकर समेत) | अभिवृद्धिकररकम | प्रतिशत | |
| | | | ३०३-०७८/७/१० | सेवा तथा परामर्श | ब्लु हेवन सेक्युरिटी एण्ड वर्क सर्भिसेस (३००८४६७३३) | ५९-०७८/५/२५ | ५१२६८१ | ६६६४८.५ | १९९९४.५ | |
| | | | | | | १५९-०७८/७/०९ | ४७२७८१ | ६१४६१.५ | १८४३८.४ | |
| | | | ७१९-०७८/१०/०४ | | | २८७-०७८/९/२५ | ५६५१६९.५ | ७३४७२.० | २२०४१.६ | |
| | | | ८७२-०७८/१०/२८ | | | ३३०-०७८/१०/२३ | ५६५१६९.५ | ७३४७२.० | २२०४१.६ | |
| | | | १०९५-२०७८/११/२९ | | | ४०४-२०७८/११/२५ | ५६५१६९.५ | ७३४७२.० | २२०४१.६ | |
| | | | १३६७-२०७८/१२/२९ | | | ४६७-२०७८/१२/२५ | ५४८०५० | ७१२४६.५ | २१३७३.९ | |
| | | | १६४४-२०७९/०१/२६ | | | ५२९-२०७९/०१/२५ | ५४८०५० | ७१२४६.५ | २१३७३.९ | |
| | | | १८५९-२०७९/०२/३१ | | | ५८१-२०७९/०२/२५ | ५४८०५० | ७१२४६.५ | २१३७३.९ | |
| | | | २०४५-०७९/३/१४ | | | ६२९-०७९/३/१५ | ५४८०५० | ७१२४६.५ | २१३७३.९ | |
| | | | ५७२-०७८/८/२६ | | | २२८-०७८/०८/२६ | ५३१२६९ | ६९०६४.९ | २०७१९.४ | |
| | | | | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th></th><th></th><th></th><th></th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>४१९-०७८/८/३</td><td></td><td></td><td>१७६-०७८/०७/२६</td><td>४७८७८१</td><td>६२२४१.५</td><td>१८६७२.४</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>५८८३२२१</td><td>७६४८१९</td><td>२२९४४६</td><td></td></tr>
<tr><td>८३</td><td>५९३</td><td>२०७८-९-४</td><td colspan="7">बिल भरपाइः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । संकल्प मिडिया प्रा.लि.(३०५२०६५०३)लाई बेरित बिल(बिल नम्बर हातले लेखेको)को आधारमा रकम भुक्तानी गरेको रु.४०,२६५।- मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>४०,२६५</td></tr>
<tr><td>८४</td><td>६५६</td><td>२०७८-९-६</td><td colspan="7">कम्प्युटर तालिमः<br>तालिम सञ्चालन गर्नुभन्दा पहिले सो को उपादेयता, लक्षित वर्ग, छनोटको आधार, लागत तथा तालिमको आवश्यकता जस्ता विषयहरु पूर्व निर्धारित हुनुपर्दछ । पालिकाले सञ्चालन गरेको कम्प्युटर तालिम सञ्चालन कार्यक्रममा माथिका उल्लेखित विषयहरुको पहिचान नगरी तालिम सञ्चालन गरेको हुँदा तालिम प्रभावकारीता र उपलब्धिमुलक नहुनुको साथै सो को लाभ, आर्थिक, सामाजिक, राजनीतिक रुपमा सक्षम नागरिकले मात्रै लिने जोखिम देखिन्छ । तसर्थ यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा सामाजिक न्याय स्थापना हुने गरी उपलब्धिमुलक ढङ्गबाट सञ्चालन गर्नेतर्फ जिम्मेवार पदाधिकारी सजग हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td colspan="7">विपद् व्यवस्थापनः</td><td></td></tr>
<tr><td>८५.१</td><td></td><td></td><td colspan="7">समिति गठन : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५.२ | | | **कार्य योजना** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चा्लन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ८५.३ | | | **वार्षिक प्रतिवेदन** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८६ | | | **पेश्की बाँकी:**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायत्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्यौट गर्नुपर्ने, रु. | २९,८१४,४०४ |

| पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | |
|---|---|---|---|
| | | फछ्यौंटको अन्तिम म्याद | म्याद ननाघेको रकम |
| ठेकेदार | | | |
| १०/०७/२०७८ | अशोका निर्माण सेवा | ११/१३/२०७८ | २९१६६७. |
| १०/०९/२०७८ | के.आर बिल्डर्स | ११/१५/२०७८ | १००००००. |
| १२/३०/२०७८ | रमेश कन्स्ट्रक्सन | ०२/०४/२०७९ | १३७१३५. |
| ०१/२२/२०७९ | द काली सिद्धि निर्माण सेवा | ०२/२६/२०७९ | ५५००००. |
| ०३/२५/२०७९ | विशाल निर्माण सेवा | ०४/२८/२०७९ | ९०००००. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०९/०५/२०७८ | सानिलेख स्वास्थ्य चौकी | १०/१०/२०७८ | १५००००. | | |
| | | | | १२/०१/२०७८ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | ०१/०६/२०७९ | २७५०००. | | |
| | | | | १२/१४/२०७८ | नेपाल विद्यत प्राधिकरण , सुर्खेत वितरण केन्द्र | ०१/१९/२०७९ | १००००००. | | |
| | | | | ०१/१९/२०७९ | रतु स्वास्थ्य चौकी वी.न.पा.-१५ | ०२/२३/२०७९ | ७,०००.०० | | |
| | | | | ०१/१९/२०७९ | स्वास्थ्य चौकी जर्बुटा | ०२/२३/२०७९ | ४५,०००.०० | | |
| | | | | ०२/२६/२०७९ | श्री हस्तवीर आधारभुत विद्यालय | ०३/३०/२०७९ | २७४०००. | | |
| | | | | ०३/०२/२०७९ | नेपाल पब्लिक - सर्मिला जे. भी. | ०४/०५/२०७९ | ४४२६०००. | | |
| | | | | ०३/२५/२०७९ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय खजुरा | ०४/२८/२०७९ | ३६०००००. | | |
| | | | | ०३/२५/२०७९ | श्री जन नमूना माध्यमिक विद्याल बीरेन्द्रनगर सुर्खेत | ०४/२८/२०७९ | ७००००००. | | |
| | | | | ०३/२५/२०७९ | श्री शिव माध्यमिक विद्यालय लाटीकोइली , सुर्खेत | ०४/२८/२०७९ | १८०००००. | | |
| | | | | ०३/२५/२०७९ | श्री सिद्ध बहिरा बालकको स्कुल वीरेन्द्रनगर-८ | ०४/२८/२०७९ | ८०००००. | | |
| | | | | ०३/२५/२०७९ | श्री सिद्ध बहिरा बालकको स्कुल वीरेन्द्रनगर-८ | ०४/२८/२०७९ | ४२०००००. | | |
| | | | | ०३/२५/२०७९ | श्री हरि डिल भूमि माध्यमिक विद्यालय तातापानी सुर्खेत | ०४/२८/२०७९ | २२८८६०२. | | |
| | | | | ०३/२५/२०७९ | श्री शिव माध्यमिक विद्यालय लाटीकोइली , सुर्खेत | ०४/२८/२०७९ | १००००००. | | |
| | | | | ०६/११/२०७८ | पदम नेपाली | ०७/१५/२०७८ | ७०,०००.०० | | |
| | | | | | जम्मा | | २९८१४४०४. | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | १६ | २०७८-५-२९ | **परामर्श सेवाः**<br>पालिकाले सम्वन्धित निकायसँग भएको सम्झौता तथा कानुन अनुसार भुक्तानी गर्नुपर्दछ । पालिकाले यूएनडीपि तथा लाभग्राहीसँगको सहकार्यमा निर्माण कार्य गर्न बौद्ध ग्रामीण बहुउद्वेश्यि सहकारी संस्थालाई कुल लागत रु.१६ लाख मध्ये पालिकाले रु. ५ लाख भुक्तानी गरेकोमा उक्त कार्यको एकमुष्ट मुल्यांकन पेस भएन । साथै त्रिपक्षीय खर्च व्यहोर्ने गरी भएको सम्झौता पेस नभएकोले उक्त सम्झौता नै भुक्तानी भएको भन्न सकिने अवस्था नदेखिएकोले त्रिपक्षीय सम्झौता पेस हुनुपर्ने रु. | ४७५,००० |
| ८८ | | | **रितपूर्बकको कर बिजकः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले उत्तरगंगा टोलमा ग्राभेल गर्दा निर्माण व्यवसायी दिपेन्द्र निर्माण सेवाले रित पूर्कको कर वीजक बेगर मूल्य अभिवृद्धी कर रु.१८,७९२।- समेत रु.१,६३,३४५।- भुक्तानी लिएको छ । निर्माण व्यवसासयीले रितपूर्वकको कर वीजक वेगर पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धिकर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु. | १८,७९२ |
| ८९ | | | **सिद्धबाबा वहिरा विद्यालय**<br>नगरपालिका अन्तरगतका सिद्ध बाबा वहिरा विद्यालय निर्माण गर्न लागत अनुमान रु २,२७,८०,६०१।०० भएको निर्माण कार्यको गत वर्ष भुक्तानी भएको पेश्की १ करोडको सम्परीक्षण तथा यस वर्षको थप भुक्तानी सम्वन्धमा परीक्षण गर्दा उक्त निर्माणको बोलपत्र गर्दा न्यून कबोल गर्ने बिजि कन्स्ट्रक्सनसँग रु १,४८,४८,३१०।०० मा सम्झौता गरी कार्य गरेकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५ अनुसार स्वीकृत भएको लागत अनुमान अनुसार खरिद नभएमा लागत अनुमान अध्यावद्यिक गर्नुपर्ने र अध्यवद्यिक नगरी वोलपत्र आव्हान गर्न नपाउने उल्लेख छ । साथै सोही नियमावलीको नियम ४३ मा बोलपत्र सम्वन्धी कागजातमा निर्माण कार्यको प्राविधिक विवरणमा प्रस्तावित निर्माण कार्यको कार्यक्षेत्र, निर्माण स्थलको भौतिक प्रकृति र अवस्था तथा प्रस्तावित निर्माण कार्यको डिजाइन, निर्माण कार्यको हरेक इकाई आइटमको अनुमानित परिमाण भएको बिल अफ क्वान्टिटिज लगायतको कार्य विवरण उल्लेख गर्नुपर्दछ । उक्त विद्यालयको ३ वटा भवनको पिलर उठाउने सम्मको लागत अनुमान रु२,२७,८०,६०१।०० भएको कार्यको बोलपत्र गरेकोमा लागत अनुमान परिमार्जन नगरी एउटा मात्रै भवन निर्माण गरेको छ । उक्त भवनको पहिलो तल्लाको पिलर ठड्याउने कार्य निर्माण व्यवसायीले र छत तथा पर्खाल उपभोक्ता समिति मार्फत गरेको छ भने दोस्रो तथा तेस्रो तल्लाको आर.सि.सि.को सम्पूर्ण कार्य निर्माण व्यवसायीवाट भएको र सो वाहेकको कार्य उपभोक्ता समिति मार्फत गरेको छ ।विद्यालयले निर्माण कार्यको कार्यक्षेत्र, निर्माण स्थलको भौतिक प्रकृति एकीन नगरी स्वीकृत लागत अनुमान तथा निर्माण व्यवसायीसंग भएको सम्झौता भन्दा फरक कार्य गराई खर्च गरेको निमय सम्मत नदेखिएको रु | १७,८०४,३०७ |

| सि नं | भुक्तानी पाउने | विवरण | खर्च रकम |
|---|---|---|---|
| १ | निर्माण व्यवसायी तर्फ | प्रथम रनिङ्ग विल | ४९००००५ |
| २ | निर्माण व्यवसायी तर्फ | दोस्रो रनिङ्ग विल | ३३९५६७४ |
| ३ | निर्माण व्यवसायी तर्फ | तेस्रो रनिङ्ग विल | ३७४८२०० |
| ४ | उपभोक्ता समिति मार्फत | प्रथम रनिङ्ग विल | ३७४६०५७ |
| ५ | उपभोक्ता समिति मार्फत | दोस्रो रनिङ्ग विल | २०१४३७१ |
| | जम्मा | | १, ७८ , ०४ , ३०७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ अनुसार लागत अनुमान तयार गर्दा कुनै खरिद सम्वन्धि सम्पूर्ण काम एउटै खरिद सम्झौतावाट हुन सक्ने वा नसक्ने विचार गरी लागत अनुमान स्वीकृत गर्ने र सोही वमोजिम निर्माण कार्य गर्नुपर्दछ । विद्यालयले एउटै भवनको निर्माण गर्दा केही कार्य उपभोक्ता मार्फत र केही निर्माण व्यवसायी मार्फत गराएको छ । नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भएको कार्य भेरिएसन गरी निर्माण व्यवसायीसंग मुल्य सम्झौता मार्फत कार्य गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत थप कार्य गराएको छ । निर्माण व्यवसायीसंग लागत अनुमानको ३४.८२ प्रतिशत घटीमा सम्झौता गरी कार्य गराएकोमा सोही भवनको थप कार्य रु.६४,८९,१७७।०० को उपभोक्ता समितलाई लागत अनुसार नै मुल्यांकन उपभोक्ताको अंश रु.७,२८,७५०।०० कट्टा गरी रु.५७,६०,४२७।०० अर्थात ८८.७१ प्रतिशत भुक्तानी गरेको छ । उक्त भवनको अनुगमन तथा सोधपुछ गर्दा उपभोक्ता मार्फत गरेको कार्य समेत सोही निर्माण व्यवसायीले गरेको जनाएको छ । भवनको निर्माणमा भेरिएशन नगरी उपभोक्ता समिति मार्फत गर्य गराउदा सम्झौता वमोजिम ३४.८२ प्रतिशत घटीमा कार्य भएकोले उपभोक्ताको कार्यको मुल्यांकन रु. ६४,८९,१७७।०० को निर्माण व्यवसायीवाट गराएको भए रु.४२,२९,६४५।०० भुक्तानी हुनेमा रु. ५७,६०,४२७।०० भुक्तानी भएकोले रु.१५,३०,७८२।०० थप व्ययभार परेको देखिन्छ । | |
| ९० | | | **सम्परीक्षणबाट कायम बेरुजु**<br>आर्थिक वर्ष २०७४।७५ को संपरीक्षणबाट कायम बेरुजु निम्न बमोजिम रहेको छः- | |
| ९०.१ | | | **वैठक भत्ताः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसुची-१ बमोजिम पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधामा वडा कार्यालयमा वैठक वसे वापत पदाधिकारीले वैठक भत्ता पाउने नदेखिएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | २३६,९५० |

| वडा नं. | भत्ता पाउने | कर बाहेक रकम |
|---|---|---|
| ५ | वडा अध्यक्ष राम बहादुर गुरुङ्ग | ३४०० |
| | वडा सदस्य शान्ता खड्का | १७०० |
| | वडा सदस्य चन्द्रकला सापकोटा | ३४०० |
| | वडा सदस्य हस्त बहादुर राना | ३४०० |
| | वडा सदस्य शान्ती पहाडी | ३४०० |
| | वडा सचिव डम्बर प्रसाद आचार्य | ३४०० |
| | जम्मा | १८७०० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | वडा अध्यक्ष गंगाराम सुनार | ८५०० | | |
| | | | | | वडा सदस्य विमला थापा | ८५०० | | |
| | | | | | वडा सदस्य डम्बर बहादुर नेपाली | ८५०० | | |
| | | | | | वडा सदस्य वुद्धिसरा सुनार | ८५०० | | |
| | | | | | वडा सदस्य शोभासिंह वली | ८५०० | | |
| | | | | | वडा सचिव भुपति अधिकारी | ८५०० | | |
| | | | | | जम्मा | ५१००० | | |
| | | | | ११ | वडा अध्यक्ष नन्दलाल शर्मा | १०५०० | | |
| | | | | | वडा सदस्य लक्ष्मी चपाई | १०५०० | | |
| | | | | | वडा सदस्य तृप्ति वि क | १०५०० | | |
| | | | | | वडा सदस्य कृष्ण बहादुर तिवारी | १०५०० | | |
| | | | | | वडा सदस्य अर्जुन सुवेदी | १०५०० | | |
| | | | | | वडा सचिव गिता चपाई | ६८०० | | |
| | | | | | वडा सचिव ह्यदयराम ढकाल | ३४०० | | |
| | | | | | जम्मा | ६२७०० | | |
| | | | | ६ | वडा अध्यक्ष मोति प्रसाद कंडेल | १६१५० | | |
| | | | | | वडा सदस्य उपेन्द्र बहादुर खड्का | १७८५० | | |
| | | | | | वडा सदस्य कमला नेपाली | १७८५० | | |
| | | | | | वडा सदस्य विवेक आचार्य | १७८५० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ९०.२ | | | **अनुगमन भ्रमणः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ अनुसार सरकारी कामको सिलसिलामा भ्रमण गर्नुपर्दा तोकिए बमोजिम भ्रमण खर्च पाउने उल्लेख भएपनि ९ नं. वडा कार्यालयका पदाधिकारी तथा कर्मचारीहरु पालिकाको कार्यक्षेत्र बाहिर तथा पालिकालाई उपयोगी नहुने मुस्ताङ्ग जिल्लामा मिति २०७५ वैशाख १७ देखि २३ सम्म निम्न पदाधिकारी भ्रमण गरी रु.१,५०,०००।– खर्च गरेको नियमसम्मत नदेखिएको रु. | १५०,००० |

| | | |
|---|---|---|
| | वडा सचिव टिका थानी | १५३०० |
| | सामाजिक परिचालक रेखा के.सी. | १०२०० |
| | सामाजिक परिचालक कल बहादुर थारु | ९३५० |
| | जम्मा | १०४५५० |
| | कुल जम्मा | २३६९५० |

| पद | पदाधिकारी |
|---|---|
| वडा अध्यक्ष | सुरेश मानन्धर |
| वडा सदस्य | जिवन कुमार शर्मा |
| वडा सदस्य | सुनिता लामा |
| वडा सदस्य | टिका वि.क. |
| वडा सदस्य | देव प्रसाद भुजेल |
| वडा सचिव | भिम बहादुर खड्का |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९१</td><td></td><td></td><td>कर कट्टीः<br>आयकर ऐन २०५८ को दफा ८८ अनुसार वहाल कर कट्टा गरी भुक्तानी गर्नुपर्दछ । वडा नं १२ को घरभाडा वापत निराजन मर्साङ्गिलाई २०७८ श्रावण, भाद्र र असोजको घरभाडा वापतको रकम १६५०० का दरले रु. ४९५००। को घरबहाल कट्टी रु. ४९५०। हुनुपर्नेमा रु. ७४३। मात्र कट्टी भएकोले रु. ४२०७ नपुग भएको असुल गर्नुपर्ने रु.</td><td>४,२०७</td></tr>
<tr><td>९२</td><td></td><td></td><td>अटोरिक्सा खरिद अनुदानः<br>नगरपालिकाले महिला स्वरोजगार कार्यक्रम अन्तरगत महिलाहरुलाई अटोरिक्सा तालिम दिई स्वरोजगारमा संलग्न गराउने तथा तालिममा सहभागिहरुका लागि वस्तुगत टेवा प्रदान समेत गर्ने उद्धेश्यले १३ जनालाई बस्तुगत टेवा प्रदान निर्देशिका २०७६ बमोजिम अनुदान रु.५,००,०००/- तथा ऋण रु.५,००,०००/- गरि कुल रु.१०,००,०००/- दिइएकोमा सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ।</td><td></td></tr>
<tr><td>९२.१</td><td></td><td></td><td>यसरी अनुदानबाट खरिद भएको अटोरिक्सा ३ वर्षसम्म बेच्न नपाउने सम्झौतामा उल्लेख भएको तर उक्त रिक्सा नामसारी हुने निकायमा नै ३ वर्ष सम्मलाई रोक्का गर्नुपर्नेमा सो गरेको देखिएन । अटोरिक्सा खरिद गर्न दिइएको ऋण २.५ वर्ष भित्र फिर्ता गरेमा व्याज नलाग्ने तर सो पश्चात कति प्रतिशत व्याज तिर्नुपर्ने उल्लेख नगरी ऋण प्रवाह भएको छ ।</td><td></td></tr>
<tr><td>९२.२</td><td></td><td></td><td>उक्त अटो रिक्सा खरिद वापत रु.१ लाखका दरले ५ जनालाई दिइएको ऋण नगरपालिकाको एकिकृत आव-व्ययमा नदेखिएकोले अभिलेख वेगर दिइएको ऋण असुल गर्न कठिनाई हुने भएकोले गत विगत देखि सोही कार्यक्रममा के कति ऋण लगानी भएको हो र कति असुल भएको हो सोको विवरण पेस हुनुपर्ने तथा उक्त रकम आर्थिक विवरणमा समावेश हुनुपर्ने देखिएको रु.</td><td>५००,०००</td></tr>
<tr><td>९३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><table><tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr><tr><td>५३५७५५</td><td>१२००५</td><td>५२३७५०</td></tr></table>यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७७।७८ | १५ | पेश्की | ० | ० | ० | १५२९ | १५२९००० |
| २ | २०७७।७८ | १५ | पेश्की | ० | ० | ० | १०० | १००००० |
| ३ | २०७७।७८ | १५ | पेश्की फछ्र्यौट | ० | ० | ० | २४६ | २४६००० |
| ४ | २०७७।७८ | २३.९ | पारिश्रमिक कर | ३०४०६ | ० | ० | ० | ३०४०६ |
| **५** | **२०७६। ७७** | **१११** | **पेश्की फछ्र्यौट** | **०** | **०** | **०** | **१००००** | **१०००००००** |
| ६ | २०७४।७५ | २१ ( सि नं ४२) | पेश्की | ० | ० | ० | १००००० | १००००० |
| | | | जम्मा | | | | | १२००५४०६ |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| **५३५७५५** | १२००५ | १५५६५४ | **०** | **६७९४०४** |